मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily




• वर्ष १ • अंक १२७ • २०७९ साल चैत ५ गते आइतबार • Sunday 19, Apr. 2023 • पृष्ठ ८ • मूल्य रु. ५/-

## जनयुद्धक्रममा मधेशमा ७०९ सहिद

### *५८२ जनाले पाए एक-एक लाख, मासिक २१ हजारको योजना अलपत्र*



मधेशदृष्टि
जनकपुरधाम, ४ चैत । नेपाल सरकारको मन्त्रिपरिषद बैठकले निर्णय गरेअनुरूप सशस्त्र संघर्ष र क्रान्तिका क्रममा सहादत प्राप्त गर्ने सहिदहरूको नामावली नेपाल राजपत्रमा प्रकाशित गरिएको छ।

गत फागुन १५ गते प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' को अध्यक्षतामा बसेको मन्त्रिपरिषद बैठकले जनयुद्धदेखि विस्तृत शान्ति सम्झौताको अवधिसम्म भएका सहिदहरूको नामावली राजपत्रमा प्रकाशित गरी राष्ट्रिय सहिदको मान्यता दिने निर्णय गरेको थियो।

मन्त्रिपरिषदको निर्णयपछि गृह मन्त्रालयले ७७ वटै जिल्ला प्रशासन कार्यालयमा पत्र पठाई सहिदहरूको अभिलेख माग गरेको थियो। ७७ जिल्लाबाट प्राप्त सोही अभिलेखका आधारमा सहिदहरूको नामावली राजपत्रमा प्रकाशित भएको छ।

सो अभिलेख अनुसार मधेश प्रदेशमा ७०९ जना सहीद रहेका छन्। मधेश प्रदेशमा सबभन्दा बढी रौतहट र सबभन्दा कम संख्यामा पर्सा जिल्लामा जनयुद्ध शहीद रहेका छन्। जिल्लागत रुपमा सप्तरीमा ४२, सिरहामा १२०, धनुषामा १४०, महोत्तरीमा ४८, सर्लाहीमा ७८, रौतहटमा १७८, बारामा ७२ र पर्सामा ३१ जना जनयुद्धको क्रममा सहीद भएका हुन्।

गृह तथा सञ्चार मन्त्रालय मातहत रहेका मधेशी शहीद प्रतिष्ठानले गतवर्षदेखि जनयुद्ध दिवसको अवसरमा जनयुद्ध शहीदहरुलाई एक लाख रुपैयाको दरले राहत वितरण गर्दै आएका छन्। गत आर्थिक वर्षमा ४० जना र चालु आर्थिक वर्षमा ५४२ जना जनयुद्धका शहीद परिवारलाई एक लाख रुपैयाको दरले राहत वितरण गरिसकेका छन्।

यसका साथै भरणपोषण तथा छात्रवृति सम्बन्धी कार्यविधि २०७९ अनुसार जनयुद्ध तथा मधेश आन्दोलनका शहीद परिवारलाई जनही २१ हजारको दरले जीवनयापनका लागि २१ हजार प्रति महिनाको दरले र शहीद परिवारका

*- बाँकी पृष्ठ ६ मा*

## महावाणिज्यद्वारा ग्लोबल मिलेट्सको प्रत्यक्ष स्क्रिनिङ



मधेशदृष्टि
वीरगंज, ४ चैत। इन्टरनेशनल मिलेट वर्षको उत्सव अन्तर्गत भारतको महावाणिज्य दूतावास, बीरगंजले कन्सुलेट परिसर भित्र कृषि तथा किसान कल्याण मन्त्रालय, भारत सरकारले आयोजना गरेको ग्लोबल मिलेट्स (श्री अन्न) सम्मेलनको उद्घाटन सत्रको प्रत्यक्ष स्क्रिनिङ प्रसारण गरेको छ।

शनिवार भएको कार्यक्रममा तरुण कुमार, कन्सुल (राजनिति, शिक्षा र परियोजनाहरू) तथा एचओसीले भारतीय डायस्पोरा सदस्यहरू, नागरिक समाजका प्रमुख सदस्यहरू र पत्रकारहरू लगायत विशिष्ट अतिथिहरूलाई स्वागत गरेका थिए। उनले दैनिक जीवनमा कोदोका महत्वको बारेमा जानकारी दिएका थिए।

कार्यक्रममा करिब ५० व्यक्तित्वहरुको सहभागिता रहेको थियो। दैनिक जीवनमा मिलेटको प्रयोगलाई प्रवर्द्धन गर्ने, अन्तर्राष्ट्रिय मिलेट वर्ष २०२३ मनाउन र एक पृथ्वी, एक परिवार, एक भविष्यको भावनालाई प्रवर्द्धन गर्ने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको हो।

सम्मेलनको क्रममा, भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले क्रेता-विक्रेता-भेट मंचको उद्घाटन गरे भने आवाईएम २०२३मा टिकट र रु ७५ सिक्काको पनि अनावरण गरेका छन्। उनले भारतीय मिलेट (श्री अन्न) स्टार्टअपहरूको डिजिटल कम्पेन्डियम पनि सुरू गरे, मिलेट (श्री अन्न) मापदण्डहरूमा पुस्तक, मिलेट विज्ञान - मिलेटको अन्तर्राष्ट्रिय रेसिपीहरूमा पुस्तक (श्री अन्न)।

*- बाँकी पृष्ठ ६ मा*

## चैत लागेपछि नगराइनद्वारा सिरक वितरण



मधेशदृष्टि
जनकपुरधाम, ४ चैत । जाडो गइसकेपछि धनुषाको नगराईन नगरपालिकाको एक वडाले गर्मीमा न्यानो कपडा फाइबर सिरक बाँड्न शुरु गरेको छ।

नगराइन नगरपालिका वडा नम्बर-७ का वडाध्यक्ष सूर्यनारायण साहले जाडोबाट जोगिन भन्दै आफ्नो वडाका जेष्ठ नागरिक, दलित विपन्न तथा अपाङ्गलाई सिरक वितरण गरेका हुन्।

वडा कार्यालयले शुक्रबार नगरप्रमुख विनयकुमार यादव र प्रमुख प्रशासकीय अधिकृत रामगुलाम कर्णको उपस्थितीमा वडा नम्बर-७ का २ सयभन्दा बढि जेष्ठ नागरिक, दलित विपन्न तथा अपाङ्गलाई फाइबार सिरक वितरण गरेको हो।

वडाध्यक्ष साहले वडाको ७ लाख रुपैयाँ बजेटबाट ३०१ जेष्ठ नागरिक, दलित एवं अपाङ्गलाई फाइबार सिरक वितरण गर्ने योजना ल्याएको छ। उनले २ हजार २ सय रुपैयाँको दरले एउटा सिरका खरिद गरिएको बताएका छन्।

गर्मीयाममा फाइबर सिरक वितरणको के औचित्य बारे वडाध्यक्ष साहले भने यो पुर्वनिर्धारित कार्यक्रम हो। तर नगरपालिकामा लामो समयसम्म विवाद रहेको कारण समयमा वितरण गर्न सकिएन। विवाद अब समाधान भएपछि वितरण गरेका हौं। नगरसभामा ढिलाई हुँदा ढिलो भएको कारण पनि ढिला भएको हो तर खराब हुन नसक्ने भएकाले आगामी जाडोमा पनि काम लागि हाल्छ उनले भने। यता, स्थानीयले भने शितलहरमा जसोतसो गुजारा गरेका नगरवासीलाई गर्मीमा सिरक वितरण गरेर वडा कार्यालयले मजाक नै बनाएको गुनासो गरेका छन्। स्थानीय एक व्यक्तिले नाम उल्लेख नगर्ने सर्तमा भने, 'जाडो समाप्त भएर गर्मी सुरु भएपछि नगराइन नगरपालिकाले न्यानो सिरक वितरण सुरु गर्नु मजाक होइन त यो के हो।'

बितेको जाडो र शितलहरमा गरीब विपन्नहरु प्रभावित भएको बेला न्यानो सिरक नदिएका वडाध्यक्ष साहले गर्मीमा सिरक बाँड्दा स्थानीयले उनको नैतिकता र कार्यशैलीमाथि पनि प्रश्न उठाएका छन्।

## राराबमा स्ववियू निर्वाचन आज

### *सभापतिमा विभिन्न ६ संगठनबाट स्पर्धी*

मधेशदृष्टि
जनकपुरधाम, ४ चैत। आइतवार चैत ५ गते देशभर सहित जनकपुरधाम स्थित रामस्वरुप रामसागर बहुमुखी (राराब) क्याम्पसमा स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचन हुने भएको छ।

राराब क्याम्पसमा स्ववियू निर्वाचनमा सभापति पदका लागि विभिन्न संघ संगठनबाट ६ जनाले उम्मेदवारी दर्ता गराएका छन्। गत शनिबार सभापति २१ सदस्यीय स्ववियु कार्यसमितिका लागि कुल ८८ जनाले उम्मेदवारी दर्ता गराएको थियो। निर्वाचन अधिकृत रेमन्त मौरवैताका अनुसार राराबको स्ववियु कार्यसमितिमा ११ जना प्रत्यक्ष र १० जना समानुपातिकबाट निर्वाचित भएर चयन गरिने छन्।

सभापति पदमा लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) निकट लोकतान्त्रिक विद्यार्थी संघको तर्फबाट प्रशान्त झा, नेपाली कांग्रेस निकट नेपाल विद्यार्थी संघको तर्फबाट मनिषकुमार यादव, पाँच दलीय गठबन्धनको साझा उम्मेदवारको रुपमा सामजवादी विद्यार्थी युनियनका गौतम यादव, जनमत पार्टीनिकट विद्यार्थी जनमत संघको तर्फबाट इजाज मोमिन, स्वतन्त्र विद्यार्थी समूहबाट कन्हैयाकुमार पासवान र राष्ट्रिय विद्यार्थी परिषदबाट अभिशेष साह सहितका प्रतिष्पर्धामा रहेका छन्।

संयुक्त गठबन्धनमा नेकपा एमाले निकट अनेरास्वयू, माओवादी केन्द्रका अखिल क्रान्तिकारी, नेकपा एकीकृत समाजवादी पार्टी र राप्रपा निकटका विद्यार्थी संगठन रहेका छन्। लोसपा, काँग्रेस, जनमत, राविपको संगठनहरुले बिना गठबन्धनकै प्यानल सहित प्रतिष्पर्धामा रहेका छन्।

एक स्वतन्त्र समूहले पनि प्यानलसहित प्रतिष्पर्धामा छन। लामो समयपछि हुन लागेको स्ववियू निर्वाचनको क्याम्पसमा खासै तडक भडक देखिएन। निर्वाचनमा उम्मेदवार सहित पार्टीका नेताहरुको चासो रहेपनि विद्यार्थीमा खासै चासो वा उत्साह देखिएको छैन।

उनीहरु आफ्नो एजेण्डा र चुनावी नारा विद्यार्थी समक्ष राख्दै आएका छन्। स्थानीय शीर्ष नेताहरु समेतले आफ्ना दलका उम्मेदवारको पक्षमा माहौल बनाउन लागि परेका छन्। निर्वाचनको पुर्व सन्ध्यामा शनिवार राति दलीय नेताहरुको निकै भीडभाड देखिएको थियो। राराबको चुनावमा प्रदेश सांसदहरु समेतले आ आफ्ना तर्फबाट होमिएका छन्।




# वृन्दावनका महिला जनप्रतिनिधिलाई चारदिने प्रशिक्षण

मधेशदृष्टि
रौटहट,४ चैत । रौतहट जिल्लाको वृन्दावन नगरपालिकाका महिला जनप्रतिनिधिहरुको चार दिने प्रशिक्षण तालिम सम्पन्न भएको छ । आज हिमालयन होटेल चन्द्रनिगाहपुरमा सम्पन्न भएको हो । माण्डवी संस्थाको आयोजानामा तथा आईएफइएसको प्राविधिक सहयोगमा संचालित शी लिडस् परियोजना अन्तर्गत वृन्दावन नगरपालिकाका निर्वाचित महिला जनप्रतिनिधिहरुको राजनितिक क्षमतामा विकासका लागि चौथो मोडयूलको प्रशिक्षण तालिम कार्यक्रम भएको हो । माण्डवी संस्थाले विगत वर्ष देखि निर्वाचित महिलाहरुको क्षमता विकास सम्बन्धि विभिन्न मोडयूलका प्रशिक्षणहरु दिदै आईरहेको छ । तालिममा वृन्दावनका १७ जना निर्वाचित महिला जनप्रतिनिधिहरुले सहभागिता रहेको थियो । सो प्रशिक्षण कार्यक्रम आफ्नो व्यक्तिगत उत्थानशीलता,बजेट निर्माण प्रकृया ,योजना तर्जुमाका प्रकृयाहरु,वार्ताका अवस्थाहरु तथा वार्ताका तरिकाहरु लगायत पैरवीका अवस्था तथा पैरवीका तरिकाहरुका बारे जानकारी र शक्ति सम्बन्धि जानकारी तथा प्रशिक्षण समेत गरिएको माण्डवीका अनुगमन तथा मुल्यांकन अधिकृत सुविन्द्र कुमार दासले जानकारी गराए ।




सो प्रशिक्षण कार्यक्रमबाट आफुहरुले सिकेका ज्ञानहरुलाई व्यवहारमा लागु गरी आफ्ना वडा, टोल र वस्तिको विकास गर्ने सहभागिहरुले जानकारी गराए । प्रशिक्षण कार्यक्रम चैत्र ०१ गते देखि ०४ गते सम्म चलेको थियो । सो प्रशिक्षण कार्यक्रममा सहभागीहरुको उत्साह जनक उपस्थिती रहेको प्रशीक्षकद्धय पुनम ठाकुर तथा संजय कुमार यादवले जानकारी गराए । सो प्रशिक्षण कार्यक्रममा माण्डवीका सुरेन्द्र राय यादव तथा ममता सिँहको समेत उपस्थिति रहेको थियो ।

# राजयोग सेवा केन्द्रको अधुरो भवन पूरा गर्ने उपमेयरको प्रतिवद्धता

मधेशदृष्टि
रौतहट, ४ चैत । रौतहटको कटहरिया स्थीत ब्रह्माकुमारी राजयोग सेवा केन्द्रको अधुरो भवनको निर्माणकार्य पूरा गर्ने उपमेयर दम्पतीले प्रतिबद्धता जनाएका छन् ।

त्रीमुर्ती शिव बाबाको ८७ औं जन्मजयन्तीको अवसरमा कटहरीया स्थीत आयोजित प्रवचन कार्यक्रमका प्रमुख अतिथि उपमेयर रिता देवी यादवले सेवा केन्द्रको अधूरो भवन पूरा गर्ने प्रतिबद्धता जनाउनु भएको हो । उनले भवन अधुरो रहेको कारण ब्रह्माकुमारी दिदी बहिनीहरूलाई भाडाको कोठामा बस्नुपरेको तथा विभिन्न कठिनाई को सामना गर्नुपरेको चर्चा गरे । साथै उनको श्रीमान जवाहर यादवले पनि फोन गरेर उपमेयरकै बजेट बाट उक्त अधुरो भवनको निर्माण पूरा गराउने प्रतिबद्धता जनाए ।




प्रबचन कार्यक्रममा ब्रह्मकुमारी राजयोग सेवा केन्द्र गौरकि प्रमूख राजयोगिनी यमुना दिदीले भगवान प्रहमबाबा मानव स्वरूप जन्मेको ८७ वर्ष पुगेको अवसरमा कार्यक्रमको आयोजना गरिएको बताउनु भयो। उहाँले धन सम्पती जति भएपनि त्यसले भौतिक सुख सुविधा मात्र पाउने उल्लेख गर्दै आत्म शान्तीको लागि अध्यात्मको बिकल्प नरहेको जिकिर गरे । अर्का वक्ता अधिवक्ता तथा ब्रह्माकुमार शान्ति सुबेदीले गीतामा भगवान कृष्णले भनेको वाक्यको चर्चा गर्दै जब जब पृथवीमा पाप बढ्छ तब तब भगवान कुनै रूपमा जनमालिने तथ्य अनुरुप बर्तमान संगम युगमा पनि भगवानले अवतार लिसकेको दाबी गरे । संगम युगको आयो १०० वर्षको रहेको जस मध्ये ८७ वर्ष बितिसकेको तथा अब यस युगको आयु १३ वर्ष मात्र रहेकाले सम्पूर्ण मानवजाति ब्रह्मकुमारी राजयोगसेवा केन्द्रले देखाएको बाटमा अघि बढ्नुपर्ने अधिवक्ता सुवेदीले धारणा राखेका थिए । कार्यक्रमको उदघाटन सत्रमा उपमेयर रिता देवी यादव, राजयोगिनी यमुना दिदी, अधिवक्ता शान्ति सुबेदी, इन्जिनियर विके लक्ष्मन साह, ओम प्रकाश साह, सई अशोक महतो, पत्रकार सञ्जय मिश्रा, प्रकाश श्रेष्ठ,लक्षमि देवी गिरी, लगायतले मन्तब्य राखेका थिए ।

सोही अवसरमा स्थानीय बालिकाहरूले भक्तिगीतमा नृत्य प्रस्तुत गरेका थिए। प्रबचन सुरुहुनु अघि ब्रह्माकुमारी कुमार तथा स्थानिय समिलित टोलीले शान्ति पद यात्रा गरिएको थियो । सेवा केन्द कटहरियाको अगाडि बाट सुरुभएको पद यात्रा कटहरिया गाउँ बजार, बहादुरपुर, टोलापुराको परिक्रमा गरेको थियो । एकदशक भन्दा बढी समय देखि कटहरीयामा सञ्चालन रहेको सेवा केन्द्र भाडाको घरमा बस्दै आएको थियो। बुबा जादोलाल महतोको बचन पूरा गर्न कटहरिया ४ का वडा अध्यक्ष चन्दन कुशवाहाले वडाकै बजेट बाट ब्रह्माकुमारी राजयोग सेवा केन्द्रको एउटा हल सहित तीनकोठे भवनको निर्माण सुरु गराएका थिए ।

भवनमा पलाष्टर लगायत फिनिसिङ वजेट अभावमा हुन नसकेको वडा अध्यक्ष कुशवाहाले बताएका छन् ।

# चौथो बर्दिबास महोत्सव शुरु

मधेशदृष्टि
वीरगंज, ४ चैत्र ।
स्थानिय कला, उद्योग, ब्यवसायको बिकास गरौ भन्ने नाराका साथ बर्दिवास उद्योग वाणिज्य संघको आयोजनामा चौथो बर्दिवास महोत्सव शनिवारदेखी शुरु भएको छ ।




नेपाल उद्योग वाणिज्य महासंघका बरिष्ठ उपाध्यक्ष चन्द्र ढकाले महोत्सवको उदघाटन गरेका हुन् ।
उदघाटन समारोहमा बोल्दै नेपाल उद्योग वाणिज्य महासंघ मधेश प्रदेशका अध्यक्ष अशोक टेमानीले प्रत्येक जिल्लामा कृषि बजार हुनु पर्ने बताएका छन् ।
उनले यस्ता महोत्सवहरुका मार्फत स्थानिय अर्थ तन्त्रको बिकास, कृषि उत्पादनको बजारीकरण, स्थानिय हस्तकला तथा संस्कृतीको प्रर्वद्धनमा ठोस मदत पुग्ने भएकोले महोत्सवको ठुलो महत्व रहेको बताए ।
अध्यक्ष टेमानीले मधेश प्रदेशले बोकेको कृषि तथा आर्थिक बिकासको अपार सम्भावनालाई राज्य स्तरबाट प्रर्वद्धन गर्नका निमित अल्पकालिन, मध्यकालिन र दिर्घकालिन कार्यक्रमहरु तर्जुमा गर्नु पर्ने कुरामा जोड दिए ।
उनले यसै प्रदेश अन्तरगत रहेको नेपालको सबैभन्दा ठुलो अधोगिक करिडोर बीरगंज पथलैया अधोगिक करिडोरको बिकास, निर्माणाधिन द्रुत मार्गको सिघ्र संचालन, संचालनको संघारमा रहेको सिमरास्थित बिषेश आर्थिक क्षेत्रको सिघ्र संचालन तर्फ नेपाल सरकारको गम्भीर ध्यानाकर्षण गराउँदै मधेश प्रदेश भित्र रहेका अधुरो परियोजनाहरु सिघ्र पुरा गर्नु पर्ने कुरामा जोड दिए ।
कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघ मधेश प्रदेशका निर्वमान अध्यक्ष गणेश लाठ, मधेश प्रदेश उद्योग वाणिज्य संघका अध्यक्ष तथा प्रतिनिधी लगायतको उपस्थिती रहेको थियो ।
महोत्स यही चैत्र १३ गते सम्म संचालन हुने बर्दिवास उद्योग वाणिज्य संघका महासचिव उत्तम कुमार श्रेष्ठले बताए ।

# दोषी उम्काउन खोजिएको आक्रोशमा मौलापुर चौकीमा प्रदर्शन र घेराउ

आरके श्रीवास्तव
गरूडा,४ चैत । मौलापुरको सोनरनियामा लाठि प्रहारबाट मृत्यु भएकी सुनैना देवीको हत्यारालाई धरौटीमा रिहा गरेपछि शनिवार स्थानीयहरूले ईलाका प्रहरी कार्यालय मौलापुर अगाडी टायर बालेर विरोध प्रदर्शन गरेका छन् । दोषीलाई कार्यवाही गर,दोषीलाइ उम्काउन पाँइदैन्,आदालत तिम्रो न्याय सच्याउ लगायत नारा लगाउँदै विरोध गरेका हुन् ।
पिडित पनिलाल यादवको नेतृत्वमा गएको सयौं स्थानीयहरूले ईप्रका घेराउ गर्न पुगेका थिए ।



**यस्तो छ घटनाक्रम**
रौतहटको मौलापुर नगरपालिका वडा नम्बर ९ निवासी सुनैना कुमारी देवीको गत माघ २५ गते लाठि प्रहार बाट मृत्यु भएको थियो । स्थानीय भोला यादवले सुनैना कुमारी देवीलाई निर्घात कुटपिट गर्दा ती महिलाको मृत्यु भएको थियो । खेतमा जाने बाटोमा शौच गरेको भन्दै झगडा भएको स्थानियहरूले बताएका थिए । खुटामा दिसा लागेपछि आक्रोशीत भोला यादवले सुनैना देवीको घरमा पुगेर बासको लाठीले कुटपिट गरेको प्रहरीले जनाएको थियो । गम्भिर घाइते भएकी महिलालाई उपचारको लागि लैजाने क्रममा बाटोमै मृत्यु भएको प्रहरीले जानकारी दिएको थियो । घटनामा संलग्न भएको आरोपमा प्रहरीले चार जनालाइ पक्राउ गरि अनुसंधान थालेको थियो ।
स्थानीय पिडकहरू भोला राय यादव,उमत राय यादव, मधानी देवी,कलावती देवी सहित चारजना विरूद्ध कर्तव्य ज्यान मुद्दा दर्ता गरि प्रक्रिया अगाडि बढाइएको थियो ।
तर उनीहरूलाई प्रहरीले आदालतको आदेशमा धरौटीमा रिहाइ गरेपछि स्थानीयहरू आक्रोशित बनेका हुन् । प्रहरीले फितलो अनुसंधान गरि मुद्दा कमजोर बनाएको कारण हत्यारा उम्केको भन्दै स्थानीयहरूको आरोप छ । यस विषयमा छलफल गर्न र मिसिल अध्ययनका लागि पिडित पक्षलाई जिल्ला प्रहरी कार्यालय रौतहटमा बोलाईएको बुझिएको छ ।

# अखिल नेपाल किसान महासंघको भेला

मधेशदृष्टि
रौतहट,४ चैत । अखिल नेपाल किसान महासंघ रौतहट जिल्ला भेला सम्पन्न भएको छ । जिल्लाको देवाही गोनाही वडा नम्बर ८ मा रहेको बजार भवनमा शनिवार जिल्ला भेला भएको हो । कार्यक्रमको प्रमुख अतिथिको रूपमा एमाले जिल्ला संयोजक सचिदानन्द साह रह्नु भएको थियो । भेलाको अध्यक्षता किशोरी कुशवाहाले गरेका थिए । भेला बाट पुरानै कमिटीलाई आयोजक कमिटी बनाई किशोरी कुशवाहाकै अध्यक्षता रहेको कमिटीलाई मान्यता दिएको छ । पार्टी छोडेकाहरूको नाम हटाई नयाँ सदस्यहरू समावेश गरि भेला सकिएको एमालेका जिल्ला उपसचिव रूपेश पटेलले जानकारी गराएका छन् । सो अवसरमा रूपनारायण दास,उपाध्यक्ष दिपक यादव, किसान संघका जिल्ला सचिव भरत पटेल लगायत एमाले पार्टीका नगर संयोजक,निर्वाचित वडा अध्यक्ष,वडा सदस्यहरू लगायत महासंघमा आबद्ध किसानहरूको सहभागीता रहेको थियो । मिसन ग्रासरूट अभियान अन्तर्गत नेकपा एमालेले आफनो भातृ संगठनहरूको धमाधम पुनर्गठन गरिरहेको छ ।



# संघका अध्यक्ष हजरा मृत फेला, हत्याको आशंका

घनश्याम बलम्पाकी
सर्लाही,४ चैत । सर्लाहीको गोडैता नगरपालिका उद्योग वाणिज्य संघका अध्यक्ष जितेन्द्र हजरा मृत फेला परेको छ । जिल्लाको दक्षिणी सीमावर्ती क्षेत्रमा पर्ने गोडैता बजारमा एल्बेस्टरको व्यापार गर्दै आएका हजरा गएसाँझ देखि बेपत्ता भएको थियो । हजरा शनिवार दिउँसो घरदेखि करिव तीन सयमिटर पूर्व-उत्तरतर्फ गोडैता नगरपालिका-८, मा रहेको लहरी बारीभित्र मृत फेला परेको हो । शनिवार दिउँसो घाँस काट्न गएका स्थानीयले हजराको शव देखेपछि प्रहरीमा खबर गरेका थिए । उनको हत्या भएको हुनसक्ने आशंका गरिएको छ । सर्लाहीका प्रहरी उपरीक्षक नरेशराज सुवेदीले प्रहरी टोली घटनास्थलमा पुगेर अनुसन्धान गरिरहेको जानकारी दिए । घोप्टो परेको अवस्थामा हजराको शव फेला परेको हो । घटनास्थलमा बर्दिवासबाट तालिमप्राप्त कुकुर मगाइएको प्रहरी उपरीक्षक



## ----- राशिफल -----

**मेष - ARIES**
चु,चे,चो,ला,लि,लु,ले,लो,अ
रोकिएका काम पुनः सुरु हुन सक्छन् । जोशजाँगर र उमङ्ग बढ्नेछ । वैदेशिक कार्य अघि बढ्नेछ । साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ ।

**वृष- TAURUS**
इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
धार्मिक कृत्यमा सहभागी बन्नु पर्नेछ । आफन्तको प्रगतिमा मन रमाउनेछ । नयाँ कार्यको अवसर मिल्नेछ । जोशजाँगर पनि बढ्नेछ ।

**मिथुन - GEMINI**
का,कि,कु,घ,ङ,छ,के,को,ह
मन भावुक र उत्ताउलो बन्नेछ । अनावश्यक ठाउँमा धन खर्च हुनेछ । जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । सरकारी निकायको भय पनि रहला ।

**कर्कट - CANCER**
हि,हु,हे,हो,डा,डि,डु,डे,डो
पारिवारिक साथ सहयोगले उल्लेख्य कार्य सम्पादन हुने देखिन्छ । विपरित वर्गबाट विशेष सहयोग मिल्नेछ । जोशजाँगर र हिम्मत बढ्नेछ ।

**सिंह - LEO**
मा,मि,मु,मे,मो,टा,टि,टु,टे
कुनै कुराले मन निक्कै प्रसन्न हुन सक्छ । गरेका कामबाट राम्रै लाभ हुनेछ । दैनिक कार्यमा प्रगति हुनेछ, तर स्वास्थ्यप्रति सजग रहनुहोला ।

**कन्या - VIRGO**
टो,प,पि,पु,ष,ण,ठ,पे,पो
आज मिष्ठान्न भोजनको अवसर मिल्नेछ । सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । आफूले अरुलाई प्रभावित पारेर काम बन्नेछ ।

**तुला - LIBRA**
र,रि,रु,रे,रो,ता,ति,तु,ते
आज निर्णय कार्यान्वयन हुन सक्दैनन् । आत्मबलमा कमी आउनेछ । मनमा दुबिधा उत्पन्न हुनेछ, तर शुभ र नयाँ कार्यको योजना बन्नेछ ।

**वृश्चिक - SCORPIO**
तो,ना,नि,नु,ने,नो,या,यि,यु
एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । बन्धु बान्धवबाट सहयोग मिल्नेछ । सामाजिक कार्यमा सफलता मिल्नेछ । नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ ।

**धनु- SAGITTARIUS**
ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । शत्रु पराजित हुनेछन् । वित्तिय संस्थाबाट सहयोग पाइनेछ, तर स्वास्थ्यप्रति सजग रहनुहोला ।

**मकर - CAPRICORN**
भो,ज,जि,खि,खु,खे,खो,गा,गि
शुभकार्यको चर्चा चल्नेछ । आँटेको र ताकेको कार्य पुरा होला । आदर्श व्यक्तिको सहकार्यले नयाँ अनुभव मिल्नेछ । पढाइमा प्रगति नै हुनेछ ।

**कुम्भ - AQUARIUS**
गु,गे,गो,सा,सि,सु,से,सो,द
लाभहानी, आयव्यय, सुखदु:ख बराबरी खालको समय छ । धार्मिक कार्यमा रुचि रहनुका साथै सामाजिक पदप्रतिष्ठा प्राप्त हुने देखिन्छ ।

**मीन - PISCES**
दि,दु,थ,झ,ञ,दे,दो,च,चि
आज प्रेमीको सहयोग पाइनेछ । नजिकको मित्रसँग भेटघाट हुनेछ । परिवारको साथ सहयोग मिल्नुका साथै यात्राका योग पनि देखिन्छन् ।

## ☎☎ महत्वपूर्ण टेलिफोन नम्बरहरू ☎☎

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ | |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

## मन्दिरको समय

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | नि:शूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझझा : | ०७:३० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

# मधेश सरकार विद्यार्थीलाई ब्याग वितरण गर्दै



मधेशदृष्टि
जनकपुरधाम, ४ चैत ।
प्रदेशको नाम प्रचार प्रसार गर्न मधेश सरकारले प्रदेशभरिका विद्यार्थीलाई स्कुल ब्याग वितरण गर्न थालेको छ ।
शिक्षा विकास निर्देशनालयमार्फत आठवटै जिल्लाको सामुदायिक विद्यालयको कक्षा ९ मा अध्ययनरत्त ८६ हजार ५२३ विद्यार्थीलाई एउटा ज्योमेट्रीबक्ससहित ब्याग वितरण शुरु गरेको हो ।
निर्देशनालयका निर्देशक चुडामणि फुयालले मधेश प्रदेशको नामाकरण भएपछि आठवटै जिल्लाको गल्लीगल्ली घरघरमा 'मधेश प्रदेश' नाम प्रचार, मधेश सरकारको अनुभूति तथा विद्यार्थीलाई प्रोत्साहन गर्ने उद्देश्यले सरकारले मधेश प्रदेश सरकार लेखिएका ब्याग वितरण कार्यक्रम थालेको बताए ।
उनले भने 'मधेश प्रदेश नामाकरण भएपछि सो अवसरमा केही गरेर संदेश दिनु पऱ्यो भन्ने मधेश सरकारको सोच थियो । पछि झोला वितरण गरेर नै मधेश प्रदेशको प्रचारप्रसार उपयुक्त र विद्यार्थीलाई प्रोत्साहन हुन्छ ठानेर चालु आर्थिक वर्षको लागि सरकारले ६ करोड रुपैयाँ बजेट विनियोजन गरेको थियो, त्यही अनुसार कक्षा ९ का विद्यार्थीलाई वितरण गरिदैंछ ।'
गत फागुन ३० गतेबाट शिक्षा, विज्ञान, प्रविधि तथा वाणिज्य मन्त्री महेश यादवबाट जनकपुरधाम स्थित श्री सकल भवन कन्या माध्यमिक विद्यालयबाट सो कार्यक्रमको शुभारम्भ गरिएको थियो ।
हालसम्म सप्तरी, सिराहा, धनुषा, महोत्तरी र सर्लाही गरी पाँचवटा जिल्लाको ४६१ विद्यालयको ५६ हजार १६६ विद्यार्थीलाई झोला वितरण गरिसकिएको छ भने बारा, पर्सा र रौतहट जिल्लाका विद्यार्थीलाई वितरण गर्न बांकी रहेको निर्देशक फुँयालले जनाएको छ ।
उनका अनुसार सप्तरीका ८६ विद्यालयमा ९ हजार ९८१ वटा, सिरहाका ८७ विद्यालयमा १० हजार ८००, धनुषाका ९४ विद्यालयमा ११ हजार ९८३, महोत्तरीका ९७ विद्यालयमा ११ हजार ७६ वटा र सर्लाहीका ९७ विद्यालयका १२ हजार ३८९ वटा झोला वितरण गरिएको हो ।
बोलपत्र मार्फत निर्देशनालयले ज्योमेट्रीबक्ससहित प्रति झोला ५८८ रुपैयाँ दरले न्यूँ आनन्द डिजाइनर कम्पनीबाट ज्योमेट्रीबक्सहितको ८६ हजार ५२३ झोला ५ करोड ८ लाख ७५ हजार ५२४ मा खरिद गरेको छ । आपूर्तिकर्ता कम्पनीले नै सबै जिल्लाको सदरमुकममा विद्यालयहरुका लागि झोला आपूर्ति गरिदिने गरेको निर्देशनालयले जनाएको छ ।

# चमार कल्याण समाज नेपालको भेला सम्पन्न



मधेशदृष्टि
रौटहट,४ चैत । रौतहटमा चमार कल्याण समाज नेपालको जिल्ला स्तरीय भेला सम्पन्न भएको छ । जिल्लाको कटहरिया नगरपालिका वडा नम्बर ५ स्थित रहेको विवाह मण्डप भवनमा जिल्ला स्तरीय भेला २०७९ शनिवार सम्पन्न भएको छ । चमार कल्याण समाज नेपाल जिल्ला समिति रौतहटको आयोजना कार्यक्रम भएको थियो । शिक्षित बनौं,संगठित होऊ,संघर्ष गरौं भन्ने मूल नाराका साथ गठित चमार कल्याण समाज नेपालले आज जिल्ला भेला बोलाएको थियो । सोनोलाल रामको सभा अध्यक्षतामा भएको कार्यक्रमको प्रमुख अतिथि हरिनन्दन कुमार रंजन रहेका थिए । रामप्रवेश रामले सञ्चालन गरेको कार्यक्रममा स्वागत मनतव्य चमार कल्याण समाज रौतहटका प्रवक्ता पुनित रामले राखेका थिए । भेलामा जिल्ला भरिका चमार समुदाय बाट प्रतिनिधित्व गर्ने व्यक्तिहरूको सहभागीता रहेको थियो । अतिथिहरूमा अन्य जिल्ला बाट आएका व्यक्तिहरू सहभागी थिए । समाजको प्रवासी समिति चमार कल्याण समाज मलेसिया,साउदी अरब,अमेरिका ,युरोप,दोहा कतार रहेको छ । शनिवार हुने बन्द सत्र बाट नयाँ जिल्ला कार्यसमिति चयन हुने समाजका ओमप्रकाश रामले जानकारी गराएका छन् ।
सो अवसरमा समाजका केन्द्रीय बरिस्ठ सल्लाहकार केवल राम, प्रवासी संगठनका संयोजकहरू कतारका जगरनाथ राम,साउदी शाखाका जीवन राम,केन्द्रीय कोषाध्यक्ष सुरेन्द्र राम,केन्द्रीय उपाध्यक्ष ओमप्रकाश राम,कटहरिया नगरपालिकाको पूर्व मेयर सियाराम कुशवाहा,कटहरिया नगर कमिटी अध्यक्ष धर्मेन्द्र राम,केन्द्रीय सदस्य उदयनारायण राम,अुनप माझी लगायतका चमार समुदायका हजारौं व्यक्तिहरूको सहभागीता रहेको थियो ।

# दलितको समता फाउन्डेसन विवादमा

मधेशदृष्टि
काठमाडौ, ४ चैत । दलित समुदायका लागि काम गर्दै आएका समता फाउन्डेसन आन्तरिक विवादमा फसेको छ ।
फाउन्डेसन सञ्चालन समिति रहेका अध्यक्ष प्रदीप परियारको राजीनामा स्वीकृत गराई नयाँ अध्यक्षको रूपमा मदन परियारलाई नियुक्त गरिएको विषय अवैध भएको भन्दै विवाद बढेको हो । बोर्डका संस्थापक सदस्य तथा सञ्चालक डा.सुमित्रा मानन्धर गुरुङ र सञ्चालक सदस्य सरिता परियारले संयुक्त रूपमा प्रेस विज्ञप्ति जारी गर्दै फाउन्डेसनभित्रको विवाद सार्वजनिक गरेका छन् ।
उनीहरुले नयाँ बोर्ड अध्यक्ष नियुक्ति र त्यसमार्फत भएका निर्णयहरू अवैध भएको उल्लेख गर्दै कानुनी उपचार खोज्ने चेतावनी दिएका छन् । विज्ञप्तिमा दुई बोर्ड सदस्य मानन्धर र परियारले भनेका छन्– 'केही समयदेखि समता फाउन्डेशनभित्र मौलाउँदै गरेको असमतापूर्ण प्रवृत्तिप्रति हामी बहुमत सञ्चालक सदस्यहरू धेरै चिन्तित रहँदै आएका थियौँ । यस संस्थाभित्र नातावाद-कृपावादका समस्याबारे, लैङ्गिक तथा आन्तरिक जातीय विभेदबारे मात्रै होइन, सुशासन र स्रोतको सदुपयोग भए-नभएको विषयमा पनि गम्भीर प्रश्न उठाउँदै आइरहेका थियौँ ।'
विज्ञप्तिमा अगाडि भनिएको छ- 'त्यसै क्रममा हाल कानुनी रूपमा सञ्चालक समितिको सदस्य समेत नरहेका एक सदस्यले सञ्चालक अध्यक्षकै



हैसियत सरह का. अध्यक्ष प्रदीप परियारलाई सञ्चालक समितिको मिटिङ गर्ने कि नगर्ने भनी आदेश दिने, व्यवहारमा पनि बोर्डको सञ्चालक अध्यक्ष सरह प्रस्तुत हुने र बोर्ड सदस्यलाई समेत अनधिकृत रूपमा स्पष्टीकरण माग्ने गरेका लिखित उदाहरणबाट सामाजिक उत्तरदायित्व बोकेको संस्थामा देखिएको गलत अभ्यासप्रति पनि हाम्रो गम्भीर विरोध रहँदै आएको छ ।'बोर्ड सदस्य मानन्धरले सञ्चालक समितिलाई २०७९ माघ २९ मा इमेल लेख्दै वर्तमान बोर्ड बैठक बसेर सुशासनबारे उठिरहेको मुद्दालाई हल गर्न, का.अध्यक्षमाथि कानुनी प्रश्न उठेको सन्दर्भमा उनले बोलाएको साधारण सभाको बैठकको वैधानिकता माथि प्रश्न उठाउँदै सो साधारण सभाको बैठकप्रति ठाकुर ढकाल, सरिता परियार र आफ्नो सहमति नभएको कुरा इमेल मार्फत बताएको उल्लेख गरेकी छिन् । तर सो इमेलको बेवास्ता गर्दै सञ्चालक समितिको बैठक समेत नबसालीकन का.अध्यक्षले गत फागुन १ मा वार्षिक साधारण सभा बोलाउने पत्र एकाएक पठाएर वार्षिक साधारण सभा गरिएको विज्ञप्तिमा उल्लेख छ ।
सो वार्षिक साधारण सभा गैर कानुनी रहेको उल्लेख गर्दै विज्ञप्तिमा भनिएको छ- 'वार्षिक साधारण सभामा पेस गरी अनुमोदन गरिएको लेखा प्रतिवेदनमा लेखा परीक्षकले प्रयोग गर्नुपर्ने युडिन नम्बर समेत नराखी लेखा प्रतिवेदन पेस गरेको देखिन्छ । यसरी २०७९ फागुन १ मा वार्षिक साधारण सभा बोलाएर पाँच सदस्यीय सञ्चालक समितिलाई अवैध रूपमा आठ सदस्यीय समितिमा विस्तार गरियो, जसमा लज्जास्पद ढङ्गले एकै जात, एकै लिङ्गका व्यक्ति- पाँच जना लोग्ने मानिसको मात्रै उपस्थिति थियो । त्यसको लगत्तै २०७९ चैत्र १ गते बसेको नयाँ सञ्चालक समितिले डा. मदन परियारलाई सञ्चालक अध्यक्ष पदमा चुनेको खबर पत्रबाट थाहा पायौँ । अवैधानिक रूपमा बोलाइएको सभाको यस्तो निर्णयमा हामी बहुमत सदस्यको सहमति छैन किनभने यो समता र समावेशीताको पैरवी गर्ने समता फाउन्डेसनको उद्देश्य विपरीत छ ।'
कार्यवाहक अध्यक्ष प्रदीप परियारको राजीनामा स्वीकृत गरी नयाँ अध्यक्षको रूपमा मदन परियारलाई नियुक्त गर्ने काम-कारबाही आफैमा गैर कानुनी र बदर भागी समेत भएकोले नवगठित अवैध बोर्डका निर्णय र अनियमित गतिविधिका विषयमा उचित उपचार खोज्ने बोर्ड सदस्यले चेतावनी दिएका छन् ।
यता सञ्चालक समितिका निवर्तमान अध्यक्ष प्रदीप परियारले भने वैद्य ढङ्गले नै नयाँ सञ्चालक समिति बनेको दाबी गरेका छन् । उनले बोर्ड सदस्य मानन्धर र परियार समेत सो सञ्चालक समिति गठन भएको साधारण सभामा उपस्थित भएको उल्लेख गरेका छन् ।

# मिटर ब्याजपीडितको आन्दोलन तेस्रो दिन हरिवनमा प्रदर्शन



घनश्याम बलमपाकी
सर्लाही,४ चैत । आन्दोलन गर्न काठमाण्डौंसम्म पैदल हिंडेका मिटरब्याजी पीडितले शनिवार दिउँसो सर्लाहीको हरिवनमा प्रदर्शन गरेका छन् ।
पूर्वबाट पैदलहिँड्दै यहाँ आइपुगेका मिटरब्याजविरुद्ध पीडितको मार्च अभियान हरिवनबाट अघि बढेको हो । मिटरब्याज विरुद्धको संघर्ष समिति नेपालले अस्ति (फागुन-२) गते महोत्तरीको बर्दिवासबाट पैदलयात्रा सुरु गरेको हो ।
झण्डै २ सातासम्म हिंडेरै पीडितहरु काठमाण्डौं पुगी त्यहाँ आन्दोलन गर्ने तयारी गरेका छन् । पैदल यात्रामा सप्तरी, सिरहा,धनुषा र महोत्तरीका करिव सयजनाको संख्यामा मिटरब्याजी पिडितहरु रहेका छन् । यात्रामा अन्य जिल्लाका पिडितहरु थपिदै जाने पैदल यात्राको अगुवाइ गरिरहेका राम रिझन यादवले जानकारी दिए ।
हरिवनमा आइपुग्दा चार महिने दुधे बालक सहित बृद्धबृद्धा महिला बिधार्थी देखिन्थे । यात्रामा धनुषा सबैला नगरपालिका १२ कि कल्पना धामी आफ्नो चार महिनाको छोरी काखमा च्यापेर यात्रामा सहभागी छिन् ।
उनले गहभरी आँसु झार्दै भनिन् साहुले सबै सम्पती खाइदियो, गाउँमा न्याय पाइएन, काठमाण्डौ पाइन्छ कि भनेर उतै जादैछु । यस्तै सिरहा मिर्चैया नगरपालिका ६ कि स्वस्तिमा पाठशालामा कक्षा ५मा पढ्दै गरेकी गरिमा राय पनि यात्रामा सहभागी छिन् । उनले स्कुल जान छोडेको छ महिना भएको बताइन् । गरिमाको अभिभावकले स्थानिय साहु महाजनसंग दुई लाख लिएकोमा १६ लाख चुक्ता गरी सकेको र अझ १६ लाख मागी रहेको बताए ।
हामीले भनेको समयमा पैसा नदिए स्कुल जाने बाटोबाट छोरी गायब बनाइ दिने भनि साहुले बुवा आमालाइ धम्क्याइ रहन्छ, त्यहि डरले मलाइ आमावुवाले स्कुल जान नदिएको गरिमाले रुदै भनिन् । उनले भनिन् जस्तो सुकै दुख भएपनि न्याय पाउने आशा बोकेर पैदल यात्रा गर्दै काठमाण्डौ जादै छु ।
साहु महाजनबाट लिएको मिटरब्याजको ऋणले उठिवास नै लाग्ने अवस्था भएपछि पीडितहरुले जिल्लामा आन्दोलन गरेर थाकी संघीय राजधानी काठमाण्डौं हिंडेका हुन् ।
यता हरिवन नगरपालिकाका प्रमुख रमेश बुढाथोकीले हरिवन आइपुगेका मिटरब्याजी पिडितको कार्यक्रमलाइ सम्बोधन गर्दै मधेशमा साहु महाजनले कपाली तमसुक बनाई थोरै पैसाको ऋण दिने तर धेरैको कागज बनाउने, ऋण चुक्ता गरिसक्दा पनि अझ धेरैको कागज देखाउने, भन्नेबित्तिकै पैसा नदिएपछि घर जग्गा नै रोक्का गर्ने, अदालतमा मुद्दा हाल्ने जस्ता अन्याय गर्दै आइरहेको बताएका छन् ।
चाँडो भन्दा चाँडो सरकारले यस्ता मिटरब्याजीलाइ कार्वाही गरि पिडितलाइ न्याय दिनु पर्ने बताए । प्रमुख बुढाथोकीले पैदल यात्रामा सहभागी बिधार्थी गरिमाको अवस्था देखेर आफुलाइ भावुक बनाएको बताए । उनले गरिमाले चाहे कान्छी छोरी बनाएर पठनपाठन र लालनपोषणको जिम्मा समेत लिने बताए । यस्तै नेपाल तामाङ घेदुङ संघ सर्लाहीले मिटरब्याजी पिडितका लागि पाँच थान ब्ल्याङ्केट पाँच थान गुन्द्री सहयोग गरेको छ ।

# दाइजोको हत्या प्रकरणमा सर्वोच्चद्वारा प्रतिवादीसँग थप धरौटी माग

मधेशदृष्टि
वीरगंज, ४ चैत ।
दाइजोको कारण आफ्नी छोरीको हत्या भएको दावी गर्दै आएका पर्साका कलामोद्दिन अन्सारीले दायर गरेको कर्तव्य ज्यान मुद्दामा सर्वोच्च अदालतले प्रतिवादीहरुबाट थप धरौटीको माग गरेको छ ।
न्यायधीश सपना प्रधान मल्ल र हरिप्रसाद फुयालको संयुक्त इजलासले उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगञ्जले गरेको आदेश बदर गर्दै थप धरौटी माग गरेको हो । पर्साको बहुदरमाई नगरपालिका-२ सिसयाडी बैरियाका कलामोदिन अन्सारीले २६ असोज २०७७ मा जेठी छोरी रविनाको वीरगञ्ज महानगरपालिका-१७ अलौं बस्ने साहाजिम मियाँ अन्सारीसँग विवाह गरिदिएका थिए ।
तर उनी ३ वैशाख २०७८ मा ससुरालमै (घरमा) मृत भेटिएकी थिइन् । दाइजोकै कारण छोरी रविनाको आत्महत्या नभइ हत्या भएको दाबी गर्दै कलामोदिनले २४ जेठ २०७८ मा जिल्ला प्रहरी कार्यालय पर्सामा ज्वाइँ साहाजिम, सम्धिनी नुरजहान खातुन र रविनाको जेठानी सफिनाविरुद्ध कर्तव्य ज्यान मुद्दामा जाहेरी दिएका थिए ।
उक्त मुद्दामा पर्सा जिल्ला अदालतले १३ असार २०७८ मा ज्वाइँ साहजिम र जेठानी सफिनालाई पुर्पक्षका लागि थुनामा राख्ने र आमा नुरजहानलाई १ लाख रुपैयाँ धरौटीमा छाड्न आदेश थियो । उच्च अदालतको आदेश विरुद्ध कलामोदिनले १३ भदौ २०७८ मा सर्वोच्च अदालतमा पुनरावेदन गरेका थिए ।
१६ औं पटकको पेशीमा फागुन २६ गतेको संयुक्त इजलासले भने उच्च अदालतको आदेश बदर गरी थप धरौटीको माग गरेको हो ।
प्रतिवादीहरुबाट जनही १ लाख रुपैयाँ धरौटी लिई पुर्पक्ष गर्ने गरी भएको उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगञ्जबाट ०७८ असार २४ गते अदेश भएकोमा अत्यन्त कम धरौटी मागिएको देखिँदा उक्त आदेश बदर गरिदिएको सर्वोच्चको आदेशमा उल्लेख छ ।
सर्वोच्चको आदेशपछि दुई वर्षदेखि देखि थुनछेकमै अल्झिएको कर्तव्य ज्यान मुद्दाको कारबाही प्रक्रिया अघि बढाउने बाटो खुलेको छ ।

# ट्याक्टर चालकमाथि छुरा प्रहार गर्ने तीनजना पक्राउ

मधेशदृष्टि
जनकपुरधाम, ४ चैत । ट्याक्टर चालकमाथि छुरा प्रहार गरेको आरोपमा धनुषा प्रहरीले तीन जनालाई पक्राउ गरेको छ ।
पक्राउ पर्नेमा निरज लामा, रितेश लामा र किसन लामा रहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।
जिल्लाको मिथिला नगरपालिका-९ का ट्याक्टर चालक पवनकुमार महतोलाई सोही नगरपालिकास्थित बडहरी खोलामा बालुवा लिन गएका बेला ५ जनाको समूहले छुरा प्रहार गरेको थियो ।
प्रहरीका अनुसार ट्याक्टर चालक महतोसँग बेंगाडावर स्थित होराइजन स्कुल नजिक ५ जनाको समूहले ट्याक्टर रोकेर पैसा मागेको र उनले उनीहरुलाई पैसा नदिएपछि आक्रमण गरेको थियो ।
गम्भीर घाइते भएका महतोको जनकपुरधामस्थित जानकी हेल्थ केयरमा उपचार भइरहेको छ । उनको अवस्थामा सुधार हुँदै गएको प्रहरीले जनाएको छ ।
घाइते महतोलाई ५ वटा टाँका लागेको उपचारमा संलग्न चिकित्सकले बताएका छन् ।
महतोमाथि सोही ठाउँका २५ वर्षीय निरज लामा, ३४ वर्षीय रितेश लामा, २५ वर्षीय निसान लामा, २२ वर्षीय किसन लामा र २९ वर्षीय सुनिल लामाले छुरा प्रहार गरेको प्रहरीले जनाएको छ ।
छुरा प्रहार गरेर भागेका तीन जना पक्राउ परेको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायव उपरीक्षक वेदप्रसाद गौतमले जानकारी दिए ।
पक्राउ परेका उनीहरुमाथि थप अनुसन्धान थालिएको र अन्य दुईजनाको खोजी कार्य जारी रहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

## सम्पादकीय

# चुनाव सकिए, राजनीति सङ्लिन बाँकी

चुनाव सकिएका छन् । प्रत्येक पाँचपाँच वर्षमा राजनीतिक पार्टीहरु तथा राजनीतिक कर्मीहरु जनताबाट अनुमोदित हुनुपर्दछ । लोकतन्त्रमा आवधिक चुनावको ठूलो अर्थ र महत्व रहन्छ । निर्वाचनहरुले कुनै पनि राजनीतिक प्रणालीलाई संस्थागत गर्दै जाने क्षमता र विशेषता हुन्छन् । यस अर्थमा हाम्रो संघीय लोकतान्त्रिक गणतन्त्र पनि यावत कमी कमजोरीका बाबजुद संस्थागत हुँदै गएको अर्थ लगाउन सकिन्छ ।

नेपालमा जनताका प्रतिनिधीहरुले बनाएको संविधान अर्न्तगत दोश्रो चुनाव सम्पन्न भएका छन् । निश्चय पनि यी दुइवटा चुनावका परिणाम एकै खालका छैनन् । चुनावी समिकरण पनि फरकफरक थिए र परिणाम पनि भिन्नभिन्न आएका छन् ।

पछिल्लो पटक राजनीतिमा अभिभावकीय जिम्मेवारी बोकेका राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन भएको छ र परिणामहरु पनि आएका छन् । राष्ट्रपति पदमा कांग्रेसका रामचन्द्र पौडेल निर्वाचित भएका छन् । उपराष्ट्रपतिमा जनता समाजवादीका नेता रामसहाय यादव निर्वाचित भएका छन् । यी दुबै पद कार्यकारी होइनन् , सक्रिय राजनीतिमा लागि रहेका व्यक्तिहरुमा कार्यकारी पदहरुको आकर्षण हुन्छनै । त्यसमा पनि कांग्रेसका पौडेलको आकर्षण प्रधानमन्त्री पदमा थियो । तर समय परिस्थितिले उनलाई राष्ट्रिय राजनीतिको अभिभावक बनायो । पौडेल र यादव दुबै भुईतहको राजनीतिबाट माथि उक्लिएला हुन् र दुबैको संघीय लोकतान्त्रिक गणतन्त्र प्रतिको निष्ठामा प्रश्न गर्न सकिन्न । उनीहरुको राजनीतिक जीवन, सघर्ष र सरल राजनीतिक विगतका कारण दुबैजना अभिभावकीय भूमिका सुहाएको छ ।

नेपाली कांग्रेसको हकमा पार्टी सभापति शेरबदादुर देउवाले समकालिन राजनीतिक कर्मी पौडेलको व्यवस्थापन गर्न सफल भएका छन् ।कांग्रेसको आन्तरिक राजनीतिमा यसले गहिरो अर्थ राखेको छ । पौडेललाई राष्ट्रपति पदमा ल्याउँदा दोश्रो आम निर्वाचन पछि बनेको सत्ता समिकरण भने भत्किएको छ । त्यस्तै, रामसहाय यादव जो बारा २ बाट निर्वाचित भएका हुन् , उनी उपराष्ट्रपति पदमा आसिन हुनुभनेको जसपा अध्यक्ष उपेन्द्र यादवको निर्वाचित सांसद बन्ने आकाक्षाको सम्बोधन गर्नुनै हो । मधेश आन्दोलनका मसिहा उपेन्द्र यादव यसपटक सप्तरी २ बाट पराजित बनेपछि उनमा एक किसिमको छटपटाहट थियो ।

मधेशको राजनीतिमा सीके राउतको जनमत पार्टीको उदयले जसपालाई धक्का लागेको थियो नै, राउतले जसपा अध्यक्षलाई नराम्ररी पराजित गरेपछि सत्ता राजनीतिका खेलाडी उपेन्द्र विकल्पको खोजिमा थिए । उपेन्द्रका लागि रामसहायले कुर्बानी दिएका छन् यतिखेर । त्यस्तै कांग्रेसका पौडेल तनहुँ १ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका हुन् । यि दुबै क्षेत्रमा अब फेरी निर्वाचन हुने छ ।

मुलुकको राजनीतिका प्रमुख पार्टी कांग्रेस र एमाले दुबैको समर्थन पाएर सरकार बनाउन सफल माओवादी अध्यक्ष यसै साता विश्वासको मत लिँदैछन् ।

विश्वासको मतसँगै सत्ता समिकरणहरु परिवर्तन हुनेछन् । संभवत नेपाली कांग्रेस सत्तासिन हुने छ, त्यस्तै जसपा पनि सत्तामा जाने छ भने खास गरेर संभवत एमाले प्रतिपक्षीय बेञ्चमा हुने छ । विश्वासको मतको राजनीतिक गर्मिमा यसै भन्न भने सकिने स्थिति छैन । 'रात रहे अग्राख पलाउँछ ' भनेझै राजनीति भनेको संभावना खेल हो र हाम्रो हकमा त्यस्तो खेल बेलाबेलामा छिमेकीहरुबाट पनि प्रभावित हुने गरेको छ । दोश्रो आम निर्वाचनको परिणामको लगत्तै एमालेको समर्थनमा प्रधानमन्त्री बनेका माओवादी अध्यक्षलाई कांग्रेसले काँध थाप्दैछ । संघमा हुने सत्तासमिकरणको प्रभाव प्रदेश सरकारहरुमा पनि पर्ने देखिदैंछ । त्यस्तो अवस्थामा सुदुरपश्चिम प्रदेश सरकार बाहेक अन्य प्रदेशका सरकार र सभामुखहरु पदहरुमा नयाँ समिकरण बन्ने देखिन्छ ।

बाहिर सतहमा चुनावहरु सम्पन्न भएका छन् । तर सत्ता राजनीतिको धमिलो सङ्लिई सकेको भन्न मिल्दैन । सत्ता राजनीतिमा धेरै अलमल र कचमच नगरेको नै राम्रो । कारण, जसरी संघीय लोकतान्त्रिक गणतन्त्र संस्थागत भएको देखिदैंछ, त्यसैगरी यो राजनीतिक प्रणाली माथिका आक्रमण बढ्दै पनि गएका छन् । राजनीतिक पार्टी र पात्रहरुको राजनीतिक भूमिका र राजनीतिलाई हतियार बनाएको कुराले जनतामा निराशा छाएको छ र त्यस्तो निरासालाई संघीय राजनीतिक प्रणालीका विरोधीहरुले भरपुर उपयोग गरिरहेका छन् । दोश्रो आम निर्वाचनबाट आएका राप्रपा, राष्ट्रिय स्वतन्त्र पार्टी र जनमत पार्टी सत्तासमिकरणमा च्याँखे थापेर बसेका छन् ।

दोश्रो आम निर्वाचन पछाडिको राजनीतिक दृश्यहरु चुनौतीपूर्ण छन् । सत्ता संचालन गर्ने, सदनहरु चलाउने आधारभूत जिम्मेवारीसँगै संघीयतालाई संस्थागत गर्ने अह्म कार्यभार लोकतन्त्रवादी राजनीतिक पार्टीहरुको काँधमा छ । मुलकलाई प्रगती पथमा अगाडि बढ्ाउने र प्राप्त राजनीतिक प्रणालीलाई संस्थागत गर्ने जिम्मेवारलाई न भुलौं ।दोश्रो निर्वाचनबाट प्राप्त जनादेशलाई व्यवस्थित हिसावले उपयोग गर्न सकियो भनेमात्र तेश्रो चुनावसम्म पुग्दा संघीय लोकतन्त्रको जरा नेपाली समाजको गहिराईसम्म पुगेर संघीय व्यवस्था दरिलो बन्नसक्छ भन्ने कुरालाई जिम्मेवारीकासाथ आत्मसात गरौं ।

---

## कबीरा खडा बाजार

# राष्ट्रपतिसँगको अपेक्षा

*राष्ट्रपति नेपाली सेनाको परमाधिपति हुन्, सेनाले उनको सुरक्षा रणनीति बनाएको हुन्छ तर विचारणीय के हो भने राष्ट्रपतिको सार्वजनिक प्रस्तुतिमा सैन्यतन्त्र हावि देखिनु भएन। जनताबाट संघर्ष गरेर स्थापित भएका रामचन्द्र पौडेल शीतलनिवासमा नागरिक राष्ट्रपतिका रूपमा देखिउन भन्ने जन अपेक्षा छ।*



**– चन्द्रकिशोर**

राष्ट्रपति र उपराष्ट्रपति छनौट भएसँगै सबै तहको निर्वाचन सम्पन्न भयो। मधेश प्रदेशको लागि गौरवको कुरा हो प्रथम राष्ट्रपति डा' रामवरण यादव यसै प्रदेशबाट प्रतिनिधित्व गर्छन। पहिलो उपराष्ट्रपति परमानन्द झा यहीका भए। अहिले उपराष्ट्रपतिमा राम सहाय यादव विजयी भए। छिमेकी भारतीय राज्य विहारका राजेन्द्र प्रसाद भारतका प्रथम राष्ट्रपति भएका थिए। मधेश प्रदेशले गणतन्त्रमा उच्च अवसरहरू पाउँने गरेकोछ ।

देहाततिर एक कथामा भनिएकोछ , बाटो आफै कतै जादैन । बटुवा पो बाटो समाएर जता जान चाहने हो त्यता पुग्छ। शीतलनिवास यतिखेर राष्ट्रपति संस्थाको प्रतीक भएको छ । किनभने बहालवाला राष्ट्रपतिको कार्यालय र बसोबास त्यसै भवनमा हुने गर्दछ। प्रथम राष्ट्रपति डाक्टर रामवरण यादव निर्वाचित भएपछि छोटो समयका लागि बाहिर बसे तर त्यसपछि ऐतिहासिक शीतलनिवास नेपालका राष्ट्रपतिको आधिकारिक भवन भएको छ। त्यहीँ भवनमा बसेर डा रामवरण यादव र विद्या देवी भण्डारीले राष्ट्राध्यक्षको भूमिकाबाट निबृत हुनु भयो। शीतलनिवास आफै कतै जादैन, जाने भनेको त्यहाँ मौजूद राष्ट्रपति हुन्। त्यस अर्थमा रामचन्द्र पौडेलका कार्यप्रणाली कस्तो हुनेछ त्यो एउटा निश्चित अवधिका लागि शीतलनिवास पथ कहलिनेछ।

राष्ट्रपति संस्थाका बारेमा निकै विमर्श भएको छ। राष्ट्रपतिका भूमिका बारे सहमति र असहमतिका कुरा उठने गरेका छन्। नेपाली समाजको मनोविज्ञान पनि निकै बदलिएको छ। जतिखेर यो संविधान लेखिदैं थियो, त्यसमा गणतंत्र संस्थागत गर्ने कुरा राष्ट्रिय लोकतान्त्रिक आंदोलनका आंकाक्षाहरूलाई मूर्त रूप दिने कार्य थियो । राष्ट्रपति संस्थाका सबल पक्ष भनेको त्यसका प्रत्येक पाइलाहरूका बारे जनसाधारणमा चासो र चिन्ता देखिनु हो । बहालवाला राष्ट्रपतिको कार्यशैलीले यस गणतान्त्रिक पद्धतिको भविष्यप्रति आम नेपालीको भरोसा बढाउँछ। शीतलनिवास एक उपेक्षित ऐतिहासिक दरबार होईन, यो भूईमान्छेका आकांक्षाहरू आरोहण गर्ने सगरमाथा भएको छ। राष्ट्रपतिले यो गर्नुपर्दछ, त्यो गर्नु हुदैंन जस्ता बहुकोणीय सुझाव प्रक्षेपण हुनुको सोझो अर्थ आम नेपाली गणतान्त्रिक यात्रा प्रति कटिबद्ध देखिनु हो। इतिहास आफैमा कठोर हुन्छ त्यसले प्रथम र द्वितीय राष्ट्रपतिको कार्यावधिको विवेचना गरिरहेको छ र गरिरहने पनि छ। तर राष्ट्रको सर्वोच्च पदमा जनताका सन्तति आरूढ़ हुनु भनेको आम नेपालीको आरोहणयात्रा हो।

संविधान निर्माण र कार्यान्वयनका प्रति सम्मति विमति छन्। संविधानको चर्चा चल्दा कतिपयले यसलाई ' धर्म ग्रन्थ' जस्तो संज्ञा दिने गर्दछ। यसप्रकारको व्याख्या धर्मग्रन्थहरूप्रतिको हाम्रो व्यावहारिक उदासीनताका पक्ष उजागर त गर्छ नै, संविधानको साँचो र मौलिक सापेक्षताको विचारलाई पनि खण्डित गर्दछ। आखिर हामी मध्ये अधिकांश मान्छे आफ्नो धर्मग्रन्थलाई जतनसाथ छोपेर घरको कुनै कुनामा हिफाजतकासाथ राखेर निश्चिन्त भैहाल्छौ।के संविधान पनि यसैगरि केवल सजाएर राखिने अमूर्त सामग्री हो ? वास्तवमा संविधानलाई एकपटक उत्कृष्टको दर्जा दिएर , पूजा - वन्दना गरेर राख्दा लोकतान्त्रिक समाजमा जन आकांक्षाहरूको स्वाभाविक उभारमाथि पाबन्दी लगाउने प्रक्रिया सहज भैहाल्छ। राष्ट्रपति संस्था राजाको विरासत थाप्ने संस्था होइन, यो लामो जनसंघर्षको सर्वोच्च अभिव्यक्ति हो । यो संस्थामाथि प्रश्नहरू उठ्दैछ, त्यो उठि रहनु पर्दछ। राष्ट्रपति संस्थाले दुईटा संविधान व्योहोरेकोछ।

प्रश्नहरूको उठानले नयाँ राष्ट्रपति रामचन्द्र पौडेललाई पाठ र भावी दिशा निर्देश प्राप्त हुन्छ। प्रत्येक राष्ट्रपति संविधान द्वारा नै त्यहाँ पुगेका हुन , संविधानले यो संस्थाका बारेमा विशेष परिकल्पना गरेको छ। यति हुँदाहुँदै बहालवाला राष्ट्रपतिले शीतलनिवासको तात्कालिक छवि कोर्छन। उनी कसरी कोर्छन , त्यही शीतलनिवास पथ कहलिनेछ। रामचन्द्र पौडेलको व्यक्तित्व, चरित्र र क्षमताले संविधानको अभ्यास र लोकतन्त्रको यात्रालाई गति र मति दिनेछ।

रामचन्द्रको कार्यकालको पदचाप बुझ्न उनको उदयको समय, सन्दर्भ, गठबन्धनको संगत र जनसामान्यमा बढ्दो नैराश्यलाई एकीकृत रूपमा अर्थ्याउनु पर्छ। रामचन्द्रको जयगान हुंदै गर्दा जोडिएको अर्को चर्चा

योग्य विषय के हो भने उनी एउटा अच्छा प्रधानमन्त्री हुनसक्ने संभावना भएको तर त्यो अवसर नेपालले पाउन नसकेको प्रशस्त टिप्पणी गरिएको छ। जुन अवसर उनले पाउन सकेनन्, त्यो पदमा बसेर उनी कत्तिको सार्थक हुनसक्थे, यावत अनुमानका कुरा हुन। छिमेकी भारतमा पनि प्रणव मुखर्जीका बारेमा यसैगरि भनियो , प्रधानमंत्रीबन्न चाहेको मान्छे राष्ट्रपति बन्नु पर्यो ।

पछिल्ला अनुभवहरूले के देखाएकोछ भने राष्ट्रपतीय संस्थालाई राजनीतिक दलहरूले जुन रूपमा स्वीकार र सम्मान गर्नु पर्ने थियो त्यो गरेनन्। सँगसरैं यो पनि असल अभ्यास मान्नु पर्छ कि राष्ट्रपतिको शपथ ग्रहण वा विदाईमा राजनीतिक नेतृत्वले उपस्थितिको शिष्टाचार देखाउने गरेका छन्। संस्थागत रूपमा राज्यका अंगहरूले राष्ट्रपति संस्थालाई सम्मान र समन्वय गर्न थालेका छन । यसरी भन्न सकिन्छ राष्ट्रपतीय संस्था परिपक्व हुँदै आएको छ। रामचन्द्रले संविधानको भावना अनुसार राष्ट्रिय एकताको प्रर्वध्दन र संविधानको पालन तथा संरक्षणमा मौलिक योगदान दिन चितंनशील देखिनु पर्छ।

उहाँका एक - एक दिन मूल्यवान छन् । जुन लोकतन्त्रका लागि उहाँ कठोर संघर्ष गर्नु भयो , मध्यमार्गको चुनौतीपूर्ण डगर समाउनु भयो आज त्यही गणतंत्रको टाकुरामा पुग्नु भएको छ ,यस संस्थालाई जनजनबीच प्रिय कसरी बनाउने ? भूईमान्छेको राष्ट्रपतिका रूपमा चिनारी कसरी बनाउने ? शीतलनिवासको भावी पथ त्यही प्रष्टिन्छ ।

विगतमा राष्ट्रपति र प्रधानमंत्रीको सम्बंध, राष्ट्रपति र संसदको संम्बधका अनेकौ आयाम छचल्किएकोछ। अनेकौ पत्रहरू इतिहासको गर्भमा छन्। अहिलेसम्मका राष्ट्रपतिमा छनौट हुन पुगेका सबै व्यक्ति सक्रिय राजनीतिबाट आएका छन्। राष्ट्रपति हुन पुगेका व्यक्तिका आफ्नो मातृदलसँगको सम्बन्धलाई लिएर अनेकौ तर्कहरू गरिए। आजसम्म

राष्ट्रपति र प्रधानमन्त्रीको भेटघाटलाई संस्थागत स्मृतिमा राखिने तथा शोधकर्ताहरूलाई समयक्रममा सहज उपलब्ध गराउने कार्य भएको छैन। रामचन्द्र निर्वाचित हुँदा प्रधानमंत्री पुष्पकमल दाहालको प्रफुल्लित अनुहारले धेरै कुरा बताउँछ। मूल पक्ष के हो भने नयाँ राष्ट्रपतिले आफ्नो कार्यकालमा कतिवटा प्रधानमन्त्री व्यहोर्छ त्यो अनिश्चित छ तर उनले प्रधानमन्त्री सँगको सम्बन्धका केही मानकहरू आफ्नालागि शुरूआत मै कोर्न सके, उनलाई नै सहज हुन्छ। न त कसैसँग अतिरिक्त अनुराग वा चरम विरक्ति। आफ्नो दल नेपाली कांग्रेससँग वर्तमानमा उहाँ आबध्दता चुडाल्नु भएको छ। विगतको लामो सम्बन्धको मोह के र कसरी प्रकट भैराख्छ? पूर्व राष्ट्रपतिहरूको अभ्यासले देखायो - आफ्नो मातृदलको हित संरक्षणलाई प्राथमिकतामा राख्ने र आफ्ना आफन्तलाई सो दलमा राजनीतिक सुरक्षा खोज्ने। यी दुइटै कुरालाई आम मान्छेले रूचाएका छैनन्। राष्ट्रपतिमा बहाल रहेकै अवस्थामा आफ्नो निबृत समय कुनै अमूक दलभित्र खोज्ने मृगतृष्णा राख्दा संस्थाको साख खस्किने अवस्था हुन्छ।

संविधानले राष्ट्रपतिको सल्लाहकारका रूपमा प्रधानमन्त्रीलाई चिन्छ। सरकारका गतिविधिबारे राष्ट्रपतिलाई सुसूचित गर्ने जिम्मेवारी प्रधानमन्त्रीको हो। तर प्रधानमन्त्रीले राष्ट्रपतिलाई उर्दि गर्न मिल्दैन। प्रधानन्त्रीले नियमित रूपमा ब्रीफिङ गरिरहनु पर्छ। राष्ट्रपतिले जनताबीच जाँदा वा अन्तराष्ट्रिय प्रतिनिधिहरूसँग भेटघाट गर्दा सरकारको नीति बारे सुसुचित रहनु पर्छ। दैनिक कार्य प्रयोजनका निमित्त राष्ट्रपतिलाई सघाउ पु-याउन विज्ञ र सल्लाहकारहरू राखिने परम्परा बसालिएको छ। यस्ता नियुक्त हुन पुगेकाहरूले उपलब्ध गराउने सूचना भित्रको कथ्य के रहन्छ, तिनीहरूले कुन निहितार्थ राखेर राष्ट्रपति समक्ष पस्कन्छन त्यो विचारणीय हो। राष्ट्रपति सचिवालयमा के कुन शक्तिको दबावमा यस्ता भीड़ जम्मा हुन पुग्छ त्यसको लेखाजोखा राखिनै पर्छ। राष्ट्रपति सचिवालयमा समावेशी, योग्य, अनुभवी र संवैधानिक व्यवस्थाप्रति निष्ठा राख्नेहरूलाई राष्ट्रपति स्वयंले ल्याउने सोच राख्दा उनी स्वयं खोपी भित्रको देउता बन्नबाट जोगिन्छन्।

संविधान कार्यान्वयनको यात्रामा दोश्रो चरण शुरू भएको छ। वर्तमान समयमा संवैधानिक अन्तर्य भन्दा शीर्ष राजनीतिक नेतृत्वको सर्वोपरिता, भ्रष्टाचार, सरकारी अनुदानको दुरूपयोग, भूईमान्छेलाई किनारीकृत,न्यायिकपरिसरकोस्वायत्ततामा हस्तक्षेप, न्यायमा विलम्ब, बढ्दो क्षेत्रियता - संकीर्णता, जस्ता समस्याले ग्रस्त छ।

कतिपय कोणबाट अराजकता खडा गर्ने कोशिश हुदैछ। तीन तहको सरकार हुँदाहुँदै पनि समाज विभाजित छ। पुराना घाउहरू छन्। राज्यको प्रभाव क्षेत्र सीमित छ। दलियकरणको दलदलमा आम नागरिक जेलिदैछ। ठूला दलको रापतापमा साना दलहरू चेपिएका छन्। अनेकौ शक्तिहरू लोकतान्त्रिक लचकताको लाभ लिदै प्राप्त राजनीतिक उपलब्धिलाई मास्न उध्यत छन्। अर्थतन्त्र मक्किएको छ। यस्तोमा राष्ट्रपति संस्थाले अभिभावकीय भूमिका निर्वाह गर्दै सबै पक्षसँग संवाद र समन्वयको वातावरण बनाउनु पर्छ। राष्ट्रपतिको परिधान, सार्वजनिक प्रस्तुति सबैमाथि जनताको नजर छ। रामचन्द्र पौडेलले , विगतमा लोकतन्त्रका लागि के कस्तो तपस्या गरे भन्दा वर्तमानमा राष्ट्रपतिको दायित्व पाएर राष्ट्रिय एकता र लोकतान्त्रिक गणतन्त्रलाई पल्लवित - पुष्पित गर्न शीतलनिवासमा एउटा इमानदार हेरालुको रूपमा देखिन्छन कि देखिदैनन्? यसबाट नै इतिहासले गाथा राख्नेछ। कठमूल्ला सल्लाहकारहरूले महेन्द्रीय राष्ट्रवादको भरिया बनाईदिने जोखिम कम छैन।

प्रथम राष्ट्रपतिले चुरे संरक्षणलाई उच्च स्वर दिए। तत्कालीन सरकारले त्यस महा अभियान लाई राष्ट्रपति को नाममा समर्पित ग-यो। दोश्रो राष्ट्रपतिले महिला सशक्तिकरणलाई प्राथमिकता दिए। राष्ट्रपतिको जनतासंगको सम्बंधलाई सबलीकरण गर्न सरकारले यस्ता अवसर दिए पनि। तर एक राष्ट्रपतिले आफ्नो पूर्ववर्तीका कामहरूलाई उर्जा दिएको पाईएन। त्यस्तै पदासिन राष्ट्रपतिको रूझान र चाहना अनुसार सरकारले नयाँ संस्थाहरू खडा गर्दै जाने होईन। राष्ट्रपतिले केही विशेष एवं अपरिहार्य कार्यलाई आफ्नो संस्थासँग जोड्नु पर्छ र संस्थागत अपनत्व दिनु पर्छ। जनतांँग सामिप्य एवं संवादको निहुंमा जहाँ जस्तोमा पनि उद्घाटन - शिलान्यास र पूजापाठ गर्दै हिड्ने पनि होईन। संस्थाको गुरूत्वलाई प्राथमिकतामा राख्दा गजब हुन्थ्यो। राष्ट्रपति नेपाली सेनाको परमाधिपति हुन, सेनाले उनको सुरक्षा रणनीति बनाएको हुन्छ तर विचारणीय के हो भने राष्ट्रपतिको सार्वजनिक प्रस्तुतिमा सैन्यतन्त्र हावि देखिनु भएन। जनताबाट संघर्ष गरेर स्थापित भएका रामचन्द्र पौडेल शीतलनिवासमा नागरिक राष्ट्रपतिका रूपमा देखिउन भन्ने जन अपेक्षा छ ।

### प्रथम राष्ट्रपतिको सम्मान

मधेश प्रदेशले जुन ऐतिहासिक अवसर पायो प्रथम राष्ट्रपतिको रूपमा। मधेश सरकारले उनको सम्मानमा एक व्याख्यान मालाको परम्परा शुरू गर्नुपर्छ। जसमा संघीयता,गणतन्त्र, समावेशी, लोकतन्त्र जस्ता विषयमा विमर्श होस। यसले प्रदेश सरकारको समेत छवि उज्वल हुन्छ । यस्तो परम्परा अरू देशहरूमा समेत छ ।



> “बहालवाला राष्ट्रपतिको कार्यशैलीले यस गणतान्त्रिक पद्धतिको भविष्यप्रति आम नेपालीको भरोसा बढाउँछ। शीतलनिवास एक उपेक्षित ऐतिहासिक दरबार होईन, यो भूईमान्छेका आकांक्षाहरू आरोहण गर्ने सगरमाथा भएको छ। राष्ट्रपतिले यो गर्नुपर्दछ, त्यो गर्नु हुदैंन जस्ता बहुकोणीय सुझाव प्रक्षेपण हुनुको सोझो अर्थ आम नेपाली गणतान्त्रिक यात्रा प्रति कटिबद्ध देखिनु हो ।

> “उहाँका एक - एक दिन मूल्यवान छन् । जुन लोकतन्त्रका लागि उहाँ कठोर संघर्ष गर्नु भयो, मध्यमार्गको चुनौतीपूर्ण डगर समाउनु भयो आज त्यही गणतंत्रको टाकुरामा पुग्नु भएको छ ,यस संस्थालाई जनजनबीच प्रिय कसरी बनाउने ? भूईमान्छेको राष्ट्रपतिका रूपमा चिनारी कसरी बनाउने ? शीतलनिवासको भावी पथ त्यही प्रष्टिन्छ ।

# विश्व पानी दिवस : पानी संरक्षण र जलवायु परिवर्तनबारे सम्मेलन हुँदै

काठमाडौँ, ४ चैत ।
नेपालमा पानीको सङ्कट न्यूनीकरण गर्ने उपायहरुको खोजी गरी कार्यान्वयनमा ल्याउने उद्देश्यले 'बर्सातको पानी सङ्कलन : पानीको संरक्षण र जलवायु परिवर्तनका असर सम्बोधन'सम्बन्धी राष्ट्रिय सम्मेलन हुने भएको छ।विश्व पानी दिवसका अवसरमा खानेपानी मन्त्रालयसँगको समन्वयमा स्मार्ट वास सोलुसन्स र वाटर एड नेपालले अन्य विभिन्न निकायको सहयोगमा उक्त दुई दिवसीय राष्ट्रिय सम्मेलन आयोजना गर्न लागेको हो ।आयोजक समितिले सम्मेलनको तयारी पूरा भएको जनाएको छ। आज यहाँ पत्रकार सम्मेलनको आयोजना गरी समितिका अध्यक्ष एवम् स्मार्ट वास सोलुसन्स प्रालिका अध्यक्ष ई. रामदीप साहले सम्मेलनको तयारी पूरा भएको जानकारी दिनुभएको हो ।अध्यक्ष साहको अध्यक्षतामा आयोजक संस्था र सहयोगी संस्थाका प्रतिनिधिहरु सम्मिलित एक आयोजक समिति



बनेको छ। त्यस्तै, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठानका पूर्वउपकुलपति सुनिलबाबु श्रेष्ठको अध्यक्षतामा एक प्राविधिक समिति बनेको छ । प्राविधिक समितिले सम्मेलनमा प्रस्तुत हुने कार्यपत्रको छनोट र सम्पादन गरी उपयुक्त ढाँचा तयारी गरिसकेको जनाएको छ।
अध्यक्ष साहका अनुसार बर्सातको पानी सङ्कलनार्थ प्राप्त अवसरलाई दिगो विकासको लक्ष्य प्राप्ति, जलवायु परिवर्तनको असर न्यूनीकरण तथा जलउत्पन्न प्रकोप न्यूनीकरणका सन्दर्भमा सम्बोधन गर्ने सम्मेलनको उद्देश्य छ। साथै आमजनतामा पानीको महत्वको चेतना जगाउनु, उपयुक्त नीतिका लागि पैरवी चलाउनु र खानेपानीसम्बन्धी ज्ञान र उपयुक्त नवीनतम् प्रविधिको सार्वजनिकीकरण गर्ने उद्देश्यले उक्त सम्मेलन आयोजना गर्न लागिएको हो। यही मार्च १९ र २० मा काठमाडौँमा हुने सम्मेलनमा विभिन्न विषयका विज्ञद्वारा १६ कार्यपत्र प्रस्तुत हुनेछन्। सम्मेलनमा चार प्राविधिक सत्र पनि हुनेछन् । पहिलो दिन सम्मेलनको समुद्घाटन हुनेछ भने दोस्रो दिन सामूहिक बहस हुनेछ। सम्मेलनको समापनमा काठमाडौँ घोषणा जारी गरिने छ। स्मार्ट वासले खानेपानी मन्त्रालयको समन्वय र विभिन्न संस्थाको सहयोगमा २०२० पनि बर्सातको पानी सङ्कलनसम्बन्धी राष्ट्रिय सम्मेलन गरेको थियो । सो सम्मेलनका स्रोत विज्ञको प्रस्तुति र नीति निर्माता तथा तीनै तहका सरकारमा खानेपानी क्षेत्रमा काम गरिरहेका नेतृत्व, प्राविधिक र उपभोक्ताबीच भएको ज्ञानको साझेदारीले काठमाडौँ महानगरपालिकासहित विभिन्न निकायले पानी पुनर्भरण र बर्सातको पानी सङ्कलन र उपयोगका अभ्यास थालेको आयोजक समितिका अध्यक्ष ई साहले जानकारी दिनुभएको छ । सम्मेलनको सहआयोजकमा उच्चस्तरीय बागमती सभ्यता संरक्षण तथा विकास समिति, नगर विकास कोष, इन्टरनेसनल रेनवाटर हाभेष्टिङ एलाएन्स, ग्लोबल पिस फाउन्डेसन नेपाल, दियालो टेक्नोलोजी प्रा.लि., बायोग्यास सपोर्ट प्रोग्राम र इन्भायरोमेन्ट एन्ड रिसोर्सेज म्यानेजमेन्ट कन्सल्टेन्सी (इआरएमसी) छन्। रासस

# सामाजिक सुरक्षा कोषद्वारा पौने चार अर्ब दाबी भुक्तानी

काठमाडौँ, ४ चैत ।
योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गरेको सामाजिक सुरक्षा कोषले हालसम्म रु पौने चार अर्ब दाबी भुक्तानी गरेको छ । हालसम्म कोषले विभिन्न सामाजिक सुरक्षा योजनाअन्तर्गत योगदानकर्तालाई रु तीन अर्ब ७८ करोड भुक्तानी गरेको हो।
कोषले औषधोपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना, दुर्घटना तथा अशक्तता सुरक्षा योजना, आश्रित परिवार सुरक्षा योजना र वृद्धावस्था सुरक्षा योजना सञ्चालन गरिरहेको छ। कोषले २०७६ देखि विभिन्न योजनाको दाबी भुक्तानी गर्दै आएको छ । कोषले औषधोपचार सुविधाबापत रु ४४ करोड ५९ लाख ९६ हजार, दुर्घटना तथा अशक्तता सुरक्षा सुविधाबापत रु पाँच करोड ४५ लाख १७ हजार, आश्रित परिवार सुरक्षा योजनाअन्तर्गत रु छ करोड ४६ लाख ६३ हजार र वृद्धावस्था सुरक्षा योजनाबापत रु तीन अर्ब २१ करोड ६५ लाख ७१ हजार दाबी भुक्तानी गरेको छ । कोषले ६८ हजार ३६ योगदानकर्तालाई एक लाख छ हजार चार सय ५८ पटक विभिन्न शीर्षकमा दाबी भुक्तानी गरेको छ । कोषमा हालसम्म तीन लाख ९९ हजार एक सय ९२ श्रमिक सूचीकृत भएका छन् ।
सबैभन्दा बढी बागमती प्रदेशबाट तीन लाख ७० हजार २९, कोसीबाट ३८ हजार आठ सय ६८, मधेसबाट २१ हजार दुई सय ४१, गण्डकीबाट १५ हजार दुई सय १७, लुम्बिनीबाट १४ हजार ८६, सुदूरपश्चिमबाट एक हजार पाँच सय २६ र कर्णालीबाट एक हजार दुई सय २५ श्रमिक कोषमा आबद्ध भएका छन्।
कोषमा १७ हजार सात सय ३४ रोजगारदाता सूचीकृत छन् । हालसम्म रु ३० अर्ब ७९ करोड योगदान रकम सङ्कलन भइसकेको छ ।रासस

# विद्युत् आदानप्रदान समिति बैठक : विहारको ग्रिडमार्फत विद्युत् निर्यात हुने

काठमाडौँ, ४ चैत ।
नेपाल-भारतबीचको विद्युत् आदानप्रदान समितिको बैठकले नेपालले विहारको प्रसारण ग्रिडमार्फत अन्य राज्यमा विद्युत् निर्यातका लागि मोडालिटी तय गर्ने भएको छ।
भारतको राजधानी नयाँ दिल्लीमा शुक्रबार सम्पन्न समितिको १४औँ बैठकले विहारको ग्रिड हुँदै भारतको केन्द्रीय प्रसारण ग्रिडमार्फत अन्य राज्यमा नेपालले गर्ने विद्युत् निर्यातको मोडालिटी एक महिनाभित्रमा तय गर्ने निर्णय गरेको हो।
नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ र भारतको केन्द्रीय विद्युत् प्राधिकरणका विद्युत् प्रणाली सदस्य अशोककुमार राजपुतको सहअध्यक्षतामा बैठक बसेको थियो।
"नेपालले विहारसँग प्रसारण लाइन जोडिएका विन्दुबाट भारतको केन्द्रीय ग्रिडसँग जोडिएर विद्युत् निर्यात हुने छ, यसका लागि एक महिनाभित्र दुवै पक्षले मोडालिटी टुङ्गो लगाउने छन्, यसबाट वर्षायाममा देशभित्र खपत गरी बढी भएको विद्युत् बिक्रीका लागि थप बजार सुनिश्चित भएको छ", प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले भन्नुभयो।
विहारसँग कटैया (विहार)-कुशाहा (नेपाल) र रक्सौल-परवानीपुर १३२ केभी प्रसारण लाइन जोडिएका छन् । गत फागुनको पहिलो हप्तामा सम्पन्न नेपाल-भारत ऊर्जा सचिवस्तरीय संयुक्त निर्देशक समितिको दशौँ बैठकले कटैया-कुशवा र रक्सौल-परवानीपुर १३२ केभी प्रसारण लाइनको दोस्रो सर्किट क्रमशः मार्च २०२३ भित्र र अप्रिल/मे २०२३ मा निर्माण सम्पन्न गर्ने निर्णय भएको थियो



।विद्युत् आदानप्रदान समितिको बैठकले विद्युत् आदानप्रदान सम्झौताअन्तर्गत आयात निर्यात हुने विद्युत्को प्रतियुनिट दर सात रुपैयाँ २१ पैसा भारतीय मुद्रा (११ रुपैयाँ ५४ पैसा नेपाली) तय गरेको छ। आर्थिक वर्ष सन् २०२२/२३ का लागि १३२ केभी प्रसारण लाइनमार्फत हुने विद्युत् आदानप्रदान दर तय गरेको हो।
विद्युत् आदानप्रदान सम्झौताबमोजिम नेपाल विद्युत् प्राधिकरणले भारतको विहार, उत्तर प्रदेश र उत्तराखण्डबाट आवश्यक परेका बेलामा विद्युत् आयात गर्दै आएको छ । प्राधिकरणले अन्य दुई राज्यको तुलनामा आवश्यक परेका बेला सबैभन्दा बढी विहारबाट विद्युत् आयात गर्दछ। नेपालसँग विहार र उत्तर प्रदेश मात्र १३२ केभी प्रसारण लाइनमा जोडिएका छन्।
प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले नेपालले चाहेका बेलामा विद्युत् लिने गरी नयाँ दर तय गरिएको र उक्त दर भारततर्फ निर्यात गर्दा पनि लागू हुने बताउनुभयो । "आव २०१९/२० का लागि तय भएको दर त्यसपछिका वर्षलाई पुनरावलोकन हुन सकिरहेको थिएन, भारतीय पक्षबाट वार्षिक साढे पाँच प्रतिशतको मूल्यवृद्धि जोडर प्राधिकरणले आयात गर्ने विद्युत्को बिल पठाउने गरिएको थियो, विगतमा गरिएको विलिङलाई समायोजन गर्दै जाने सहमति भएको छ, यसबाट प्राधिकरणललाई करिब ३१ करोड भारु (४९ करोड ६० लाख नेरु) फाइदा भएको छ", घिसिङले भन्नुभयो।
नयाँ तय गरिएको दर 'टेक अर पे' आधारमा नभएको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "यो नेपालललाई आवश्यक पर्दा खरिद गरिने विद्युत्को दर हो, चाहिएका बेलामा मात्र विद्युत् आयात गरिने हुँदा यो दर अहिलेको भारतीय बजारभन्दा सस्तो छ, उक्त दर हामीले विद्युत् निर्यात गर्दा पनि पाउनेछौँ।"उहाँले गत डिसेम्बरमा विद्युत् बिक्रीका लागि भारतीय कम्पनीसँग बिडिङमार्फत माग गर्दा फेब्रुअरी र मार्च, अप्रिल तथा मेका लागि प्रतियुनिट क्रमश : सात दशमलव ५० र आठ दशमलव ७० रुपैयाँ प्रस्ताव पेस गरेको बताउनुभयो।
"प्रतिस्पर्धामा छनोट भएका कम्पनीले आयातित कोइलाबाट उत्पादित विद्युत् मात्र नेपाललाई बिक्री गर्न पाउने हुँदा कोइलाको मूल्यमा उतारचढाव आइरहेकाले उक्त कम्पनी प्रस्तावित दरमा पनि प्राधिकरणसँग सम्झौता गर्न तयार भएनन्", घिसिङले भन्नुभयो, "विहार राज्यलाई आयातित कोइलाको व्यवस्था लागू नहुने भएकाले दर सस्तो भएको हो, प्रतिस्पर्धी बजारमा पनि दैनिकरुपमा प्रतियुनिट विद्युत्को औसत दर १२ भारुसम्म पर्ने गएको छ, यसमा प्रसारण शुल्कलगायत थप डेढ रुपैयाँ थप हुन्छ, त्यसैले अहिले तय गरिएको दर अन्यको तुलनामा सस्तो छ।"
बैठकले नेपालले विहारमा विद्युत् निर्यातका लागि एक महिनाभित्र मोडालिटी तय गर्ने निर्णय गरेको छ। "नेपालले विहारसँग प्रसारण लाइन जोडिएका विन्दुबाट निर्यात गर्न एक महिनाभित्र दुवै पक्षले मोडालिटी टुङ्गो लगाउने निर्णय भएको छ, यसबाट देशभित्र खपत गरी बढी भएको विद्युत् विहारमा बिक्री गर्न थप बजार सुनिश्चित भएको छ", घिसिङले भन्नुभयो।
प्राधिकरणले आवश्यक परेका बेला भारतबाट व्यापारिकरुपमा इन्डियन इनर्जी एक्सचेञ्ज लिमिटेड (आइएक्स)को डे-अहेड बजारमा प्रतिस्पर्धामार्फत, विद्युत् आदानप्रदान सम्झौता (पावर एक्सेञ्ज) र महाकाली सन्धिअन्तर्गतको बिजुली आयात गर्छ । व्यापारिकरुपमा ढल्केबर-मुजफ्फरपुर अन्तरदेशीय चार सय केभी डबल सर्किट प्रसारण लाइनमार्फत र अन्य स्थानबाट पावर एक्चेञ्जअन्तर्गत भारतबाट बिजुली ल्याइरहेको छ।
प्रााधिकरणले देशभित्र खपत गरी अतिरिक्त भएको वर्षायामको विद्युत् चालू आर्थिक वर्षमा भारतीय बजारमा बिक्री गरी रु आठ अर्ब ४४ करोड आर्जन गरेको छ ।रासस

# अति कम विकसित मुलुकबाट स्तरोन्नति:सुविधाहरु: थपिए के, गुम्दैछ के ?

काठमाडौँ, ४ चैत ।
नेपाल अतिकम विकसित मुलुक (एलडिसी) बाट स्तरोन्नतिको चरणमा छ। स्तरोन्नतिपछि एलडिसीका रूपमा अहिले पाइरहेका केकस्ता सुविधाको कटौती हुन्छन् र त्यसबाट पर्नसक्ने सम्भावित असर व्यवस्थापन कसरी गर्ने भन्नेबारे निजी क्षेत्रदेखि नीतिनिर्माण तहसम्म चासो छ । 'एलडिसी ग्राजुयसन'का लागि नेपालले पाएको सन् २०२६ सम्मको तयारी अवधिभित्र यस्ता क्षेत्र पहिचान र असर व्यवस्थापनका लागि काम गरिसक्नुपर्नेछ। अन्तर्राष्ट्रिय व्यापार, विकास सहायता परिचालनलगायत क्षेत्रमा स्तरोन्नति अघि र पछिको अवस्था फरक हुनेछ।
स्तरोन्नतिपछि नेपालले केकस्ता सुविधा गुमाउँछ र त्यसबाट सिर्जित समस्या व्यवस्थापनका लागि कस्तो कार्यनीति बनाएर जाने भन्नेबारे गृहकार्य भइरहेको राष्ट्रिय योजना आयोगका सचिव केवलप्रसाद भण्डारीले बताउनुभयो । "नेपालले 'स्मुथ ट्रान्जिसन स्ट्राजेजी' बनाइरहेको छ । यो रणनीतिको मस्यौदा अन्तिम चरणमा रहेकाले हाम्रा नीति तथा कार्यक्रम दिगो विकास लक्ष्य र एलडिसी ग्याजुएसनसँग तादम्यता हुनेगरी जानुपर्नेछ", उहाँले भन्नुभयो। स्तरोन्नतिपछि नेपालले अन्तर्राष्ट्रिय व्यापारमा 'ड्युटी फ्री र कोटा फ्री'का सुविधा कसरी पाउँछ भन्ने विषय महत्वपूर्ण भण्डारीको भनाइ छ। उहाँले हातहतियार बाहेकका वस्तुमा सहुलियतका लागि युरोपियन युनियनलगायत निकायसँग पहल गर्न सकिने बताउनुभयो।
विकास सहायता परिचालन, शिक्षा, स्वास्थ्य, जलवायु परिवर्तन, प्रविधि हस्तान्तरण, बौद्धिक सम्पत्तिको अधिकारका क्षेत्रमा पनि ग्राजुएसनको असर देखिनेछ । अर्थतन्त्रका समग्र पक्षमा बहुआयामिक असर देखिँदा त्यसले मानव पुँजी विकास पनि प्रभावित हुने सचिव भण्डारीको भनाइ छ। प्रतिव्यक्ति आय मात्र नभइ समग्र मानव पुँजी विकास र वातावरणीय पक्ष, जलवायु परिवर्तन, प्राकृतिक प्रकोप, आर्थिक विश्रृंखलतालगायतका क्षेत्रमा समेत असर देखिने उहाँले उल्लेख गर्नुभयो । कतारको दोहामा मार्च ५ देखि ९ सम्म चलेको अतिकम विकसित राष्ट्रको पाँचौँ शिखर सम्मेलनपछि यसको अध्यक्षता नेपालले गर्दैछ। अहिले अध्यक्षता गरिरहेको मलावीले नेपाललाई जिम्मेवारी हस्तान्तरण गरिसकेको छैन। नेपालले स्तरोन्नति चरणको सङ्क्रमणकालीन अवधि र स्तरोन्नतिपछिको कार्यदिशा कसरी तयार पार्छ भनेर अन्तर्राष्ट्रिय द्विपक्षद्वय तथा बहुपक्षीय दातृ निकायले पनि चासोका साथ हेरिरहेका छन्।
सबैभन्दा ठूलो असर अन्तर्राष्ट्रिय व्यापारमा
अतिकम विकसित मुलुकबाट स्तरोन्नति हुँदा सबैभन्दा बढी प्रभावित हुने क्षेत्र अन्तर ष्ट्रिय व्यापार रहेको छ । विश्व व्यापार सङ्गठन (डब्ल्युटिओ) को प्रावधानअनुसार एलडिसीका रुपमा नेपाली वस्तु तथा सेवाले अन्तर्राष्ट्रिय बजारमा पाउने प्राथमिकता र सुविधा गुमाउनेछन् । डब्ल्युटिओअन्तर्गतको अन्तर्राष्ट्रिय व्यापार केन्द्र (आइटिसी)ले गरेको प्रक्षेपणअनुसार स्तरोन्नतिपछि नेपालको हालको निर्यातमा साढे चार प्रतिशतसम्म गिरावट आउनसक्ने देखिएको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव मधुकुमार मरासिनीले बताउनुभयो। स्तरोन्नतिको सङ्क्रमणकालीन अवधिपछि डब्ल्युटिओले प्रदान गरेका अन्तर्राष्ट्रिय व्यापार, बौद्धिक सम्पत्तिलगायतका सहुलियत बन्द हुनेछन्। जसका कारण नेपालको निर्यात घट्न सक्ने अनुमान गरिएको छ । नेपालले पाइरहेका यस्ता सुविधा जोगाइराख्न अन्तर ष्ट्रिय व्यापारका लागि नयाँ क्षेत्र तथा बजार पहिचान गरी व्यापारको विविधीकरण गर्न आवश्यक रहेको मरासिनीले बताउनुभयो । पाइरहेका सुविधाको निरन्तरताका लागि युरोपियन युनियनलगायत निकायसँग नेपालले पहल गर्नुपर्ने पनि उहाँको भनाइ छ।
"स्तरोन्नति भएपछि हामीले व्यापारमा पाइरहेको विशेष सुविधा गुम्छन् । अहिले जत्तिकै सुविधा नपाए पनि केही सुविधा पाइरहनुपर्छ भन्नेमा नेपालले जोड दिइरहेको छ। पाइरहेका सुविधा एकैचोटी हटाउनुभन्दा बिस्तारबिस्तारै हटाउँदै जाने र सँगसँगै क्षमता वृद्धिका काम पनि गर्दै जानुपर्नेमा जोड दिएका छौँ", सचिव मरासिनीले भन्नुभयो।
नेपालको वैदेशिक व्यापारमा ठूलो हिस्सा जोडिएको भारतसँगको व्यापारमा भने यसको त्यति ठूलो असर देखिने छैन । नेपाल र भारतबीचको व्यापार द्विदेशीय सन्धीअनुसार चलिरहेका कारण न्यून असर देखिनेछ। दक्षिण एशियाली स्वतन्त्र व्यापार क्षेत्र (साफ्टा), बिम्स्टेकलगायत क्षेत्रीयरूपमा व्यापार सम्झौता गरिएका देशमा भने यसको केही असर देखिनेछ।
भारतले साफ्टा सदस्य राष्ट्रमा अतिकम विकसित र अन्य मुलुकका लागि फरक भन्सार दर कायम गर्ने गरेको छ । नेपालले भारतमा निर्यात गर्ने प्रशोधित सोयाविन र पाम तेल त्यसको उदाहरणका रुपमा लिन सकिन्छ। साफ्टामा रहेका अतिकम विकसित मुलुकका लागि भारतले यी वस्तुमा शून्य भन्सार लगाउँछ । तर साफ्टाभित्रकै अतिकम विकसितबाहेकका मुलुकका लागि सोयाविन तेलमा २५ प्रतिशत र पाम तेलमा ५४ प्रतिशत भन्सार लाग्ने गरेको छ । अहिले नेपालले निर्यात गरिरहेका वस्तुको सूचीका पाम र सोयाविन तेल पहिलो र दोस्रो स्थानमा पर्दछन्। नेपालको आफ्नै उत्पादन नभए पनि कच्चा वस्तु प्रशोधन गरी मूल्य अभिवृद्धि (भ्यालु एड) गरेर निर्यात गरिरहेका यी वस्तु प्रभावित हुने देखिएको छ।
योजना आयोगको एक अध्ययनअनुसार एलडिसीका रूपमा नेपालले अस्ट्रेलिया, न्यूजील्यान्ड,नर्वे र स्वीजरल्यान्डमा शतप्रतिशत 'ड्युटी फ्री, कोटा फ्री' सुविधा पाइरहेको छ । क्यानडामा दुग्धजन्य र मासुजन्यबाहेक अरु वस्तुले 'ड्युटी फ्री, कोटा फ्री' सुविधा पाइरहेका छन् । हाल क्यानडामा निर्यात भइरहेका ९८ दशमलव ६ प्रतिशत वस्तु 'ड्युटी फ्री, कोटा फ्री' सुविधामा गइरहेका छन्। नेपालले अहिले छिमेकी मुलुक चीनमा रसायन (केमिकल्स), सवारी साधन तथा मेसिनरी, विद्युतीय सामग्री तथा कागजजस्ता वस्तुबाहेकमा 'ड्युटी फ्री, कोटा फ्री' को सुविधा पाइरहेको छ । चीनमा निर्यात हुने ९६ दशमलव ६ प्रतिशत वस्तु 'ड्युटी फ्री, कोटा फ्री' अन्तर्गत पर्दछन्। त्यस्तै भारतमा ९५ प्रतिशत वस्तु 'ड्युटी फ्री, कोटा फ्री'मा गइरहेका छन् । भारतले प्लास्टिक, कफी, चिया, अल्कोहलजन्य वस्तु, सुर्ती र खाद्य वस्तुमाबाहेक 'ड्युटी फ्री, कोटा फ्री' सुविधा दिइरहेको छ । युरोपियन युनियनअन्तर्गतका देशमा हातहतियार बाहेकका सबै वस्तुमा नेपालले 'ड्युटी फ्री, कोटा फ्री' पाइरहेको छ । अमेरिकाले कपडाजन्य वस्तु, जुत्ताचप्पल, दुग्धजन्य र मासुजन्यबाहेकका ८२ प्रतिशत वस्तुमा 'ड्युटी फ्री', 'कोटा फ्री' सुविधा दिन्छ । त्यस्तै, टर्कीले फलामजन्य वस्तु, खाद्यवस्तु, मासु, तेलजन्यबाहेकका ८० प्रतिशत वस्तुमा ड्युटी फ्री, कोटा फ्री सुविधा दिइरहेको छ।
स्तरोन्नतिपछि नेपालले कृषिजन्य वस्तुको निर्यातमा अनुदान दिन पाउने छैन । गैर कृषिजन्य वस्तुको निर्यातमा दिइने अनुदानमा पनि कटौती हुनेछ। प्रतिव्यक्ति कूल राष्ट्रिय आय (जिएनआई) एक हजार डलरभन्दा कम भएका मुलुकका लागि भने गैरकृषिजन्य वस्तुमा निर्यातमा अनुदान पाउन सक्छन्। तर अतिकम विकसित मुलुकबाट स्तरोन्नति हुँदा प्रतिव्यक्ति आयको शर्त पनि रहने भएकाले यो अवस्था स्वतः सकिन्छ। कृषिजन्य वस्तुको नेपालभित्र हुने आन्तरिक व्यापारमा दिइने अनुदानमा भने यस्तो व्यवस्था कायम हुने छैन । स्तरोन्नतिपछि गैरकृषिजन्य स्थानीय वस्तुमा पनि अनुदान दिन पाइनेछैन। नेपालले स्तरोन्नतिकै चरणमा यस्ता अनुदानहरु उपलब्ध गराएको/नगराएको जानकारी गराउनुपर्नेछ । सेवा क्षेत्रमा सरकारबाट पाइरहेको सुविधामा भने फरक पर्ने छैन।
नेपालले निर्यात गुमाउँदा त्यसको असर रोजगारी सिर्जना र मुलुकको कूल गार्हस्थ्य उत्पादनमा पनि देखिनेछ । नेपाल उद्योग वाणिज्य महासङ्घको एक तथ्याङ्कअनुसार अहिले कपडा, कार्पेट र पस्मिना क्षेत्रमा दुई लाख ६२ हजार बढी कामदार कार्यरत छन् । निर्यातमा चार प्रतिशतले कमि आउँदा यी तीन क्षेत्रमा मात्र १० हजार पाँच सय श्रमिकले रोजगारी गुमाउने अनुमान गरिएको छ। यस्ता उद्योगमा महिला कामदार बढी छन् । जुन मानव पुँजी विकाससँग जोडिएको विषय हो । यसरी, निर्यात घट्दा त्यसले आर्थिक वृद्धिदरमा पनि केही असर गर्नेछ । सँगसँगै डब्ल्युटिओ र क्षेत्रीय सङ्गठनमा आवद्ध देशसँगको व्यापारलाई थप खुला र उदार बनाउँदै लैजानुपर्ने हुन्छ । जसका कारण नेपाली उत्पादनले अन्य देशका उत्पादनसँग प्रतिस्पर्धा गर्नुपर्ने हुन्छ।

**विकास सहायता परिचालनमा असर**

नेपालले द्विपक्षीय तथा बहुपक्षीय विकास साझेदारबाट पाइरहेको विकास सहायतामा पनि स्तरोन्नतिको असर देखिनेछ। एलडिसीका रूपमा पाइरहेका विकास सहायतासम्बन्धी सुविधा कटौती हुनेछन् । नेपालका ठूला विकास साझेदारका रुपमा रहेका एशियाली विकास बैंक (एडिबी) र विश्व बैंकले अहिले एलडिसीका रूपमा दिइरहेका सुविधामा कटौती गर्नेछन्। अर्कोतर्फ विकास साझेदारले सहुलियतपूर्ण नभई व्यावसायिक ऋणमा बढी जोड दिनेछन्। हाल एशियाली विकास बैंकबाट नेपालले सहुलियतपूर्ण ऋण पाउँदै आएको छ। जुन ऋण २४ देखि ३२ वर्षमा परिपक्क (म्याचुअर) हुन्छ र यस्तो ऋणमा नेपालले आठ वर्षको ग्रेस अवधि पाउँछ । यस्तो ऋणमा नेपालले एक प्रतिशतदेखि एक दशमलव ५ प्रतिशतसम्म ब्याज तिर्दै आएको छ । स्तरोन्नतिपछि एडिबीबाट नेपालले अधिकतम २५ वर्षसम्मका लागि ऋण सुविधा पाउनेछ । जसमा ग्रेस अवधि पाँच वर्षको हुनेछ भने त्यस्तो कर्जाको ब्याजदर कम्तीमा दुई प्रतिशत हुनेछ।
साथै विकास साझेदारका रूपमा विश्व बैंकका सुविधा पनि गुम्नेछन् । नेपाल न्यून-मध्यम आय भएको मुलुक भएकाले इन्टरनेसनल डेभलपमेन्ट एशोसियसन (आएडिए)मार्फत सहुलियतपूर्ण ऋण पाउन छोडिसकेको छ । सन् २०२६ सम्म नेपालले विश्व बैंकमार्फत ' ब्लेन्ड क्रेडिट'का रुपमा ३० वर्षको म्याचुरिटी अवधि, पाँच वर्षको ग्रेस अवधि एक दशमलव २५ प्रतिशत ब्याजदरमा पाउँछ। यस्तो ऋणमा शून्य दशमलव ७५ प्रतिशत सेवाशुल्क पनि लाग्नेछ। संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडिपी) र संयुक्त राष्ट्रसङ्घीय बाल कोष (युनिसेफ) ले आफ्नो स्रोतको निश्चित प्रतिशत अतिकम विकसित मुलुकका लागि उपलब्ध गराउँछन् । स्तरोन्ततिपछि नेपालले ती शीर्षकको सहायता पाउनेछैन । त्यस्तै एलडिसी कोष (लिस्ट डेभलप कन्ट्री फन्ड) बाट पनि वित्तीय सहायता पाउन छाड्नेछ । युनाइटेड नेसन फ्रेमवर्क कन्भेन्सन अन क्लाइमेट चेन्ज (युएनएफसिसी) अन्तर्गतको वित्तीय सुविधा भने कायम रहनेछ । एलडिसीका रूपमा अन्तर्राष्ट्रिय फोरमहरुमा सहभागी हुँदा पाइरहेका सुविधा र शैक्षिक छात्रवृत्ति पनि नेपालले गुमाउनेछ।

**बौद्धिक सम्पत्ति र प्रविधि हस्तान्तरण**

बौद्धिक सम्पत्तिको अधिकार अर्को प्रभावित हुने क्षेत्र हो । योजना आयोगका अनुसार स्तरोन्नतिपछि नेपालले 'एग्रीमेन्ट अन ट्रेड रिलेटेड एस्पेक्ट्स अफ इन्टेलेक्चुअल प्रोपटी राइट (ट्रिप्स एग्रिमेन्ट) अन्तर्गतका सुविधा पाउने छैन । जसका कारण औषधिजन्य उत्पादनमा नेपालका कम्पनीले प्रयोग गर्दै आएका विदेशी कम्पनीका प्याटेन्ड, डिजाइन, कपिराइट र सेक्रेट फर्मुलालगायत सुविधा कसिलो हुने अथवा ती अधिकार गुमाउनुपर्ने हुन्छ । प्रविधि हस्तान्तरणका क्षेत्रमा पनि एलडिसी ग्र्याजुएसनको केही असर देखिनेछ । विकसित देशले आफ्नो क्षेत्रका उद्यम र संस्थामा प्रविधि हस्तान्तरणका लागि निश्चित प्रतिशत लगानी गर्छन् । स्तरोन्नतिपछि उदारीकरणसँग सम्बन्धित प्रतिबद्धता नेपालले पनि पालना गर्नुपर्नेछ । 'स्पेसल एन्ड डिफ्रेन्सियल' (एड एन्ड डी) सुविधा पनि गुमाउनेछ।

**संरचनागत सुधारसहितको कार्ययोजना आवश्यक**

एलडिसीबाट स्तरोन्नतिका लागि स्पष्ट कार्ययोजनासहितको संरचनागत परिवर्तन आवश्यक भए पनि त्यसका केही सीमा र बाधा रहेको योजना आयोगका सचिव भण्डारीले बताउनुभयो । "हाम्रा आवधिक योजना, वार्षिक नीति तथा कार्यक्रमसँग तादम्यता हुनेगरी स्मुथ ट्रान्जिसन स्ट्राटेजी अगाडि बढाउनुपर्नेछ। तर यसका केही मौद्रिक र वित्तीय सीमा छन् । राजनीतिक नेतृत्व र विधायकलाई पनि यो विषयमा बुझाउन आवश्यक छ", उहाँले भन्नुभयो।
एलडिसीबाट स्तरोन्नतिका लागि नेपालले सन् २०१५ मै प्रक्रिया थालेको थियो । सन् २०१८ मा समीक्षा गर्दा भूकम्पपछिको पुनर्निर्माणको चरणमा भएकाले केही समय थप रोकिएको थियो । सन् २०२१ नोभेम्बर २४ मा संयुक्त राष्ट्रसङ्घको ७६औँ महासभा (जेनेरल एसेम्ब्ली) ले तीन एशियाली मुलुक नेपाल, बङ्गलादेश र लाओसलाई पाँच वर्षको तयारी अवधि दिएर अतिकम विकसित देशको सूचीबाट स्तरोन्नति गर्ने प्रस्ताव अनुमोदन गरेको थियो।
नेपाल सन् १९७१ देखि संयुक्त राष्ट्रसङ्घको अतिकम विकसित मुलुकको सूचीमा छ । पछिल्लो ५२ वर्ष अवधिमा नेपालले आफ्नो यो हैसियत उकास्न सकेको छैन । अहिले पनि गरिबी, असमानता, शिक्षा, स्वास्थ्य, श्रम बजार र सामाजिक सुरक्षाका क्षेत्रमा जोखिम कायमै छ । अर्थतन्त्रमा माग र आपूर्तिमा दुवै पक्षमा समस्या छ भने बजारको आपूर्ति शृ ला कमजोर छ। मानव पुँजी विकाससँग जोडिएका शिक्षा र स्वास्थ्य क्षेत्रमा सुधार हुन सकेको छैन । शिक्षा क्षेत्रमा लगानीका तुलनामा प्रतिफल निकै न्यून छ। प्राविधिक शिक्षाको कमी छ। शिक्षामा सबै नागरिकको समान पहुँच हुन नसक्नु पेचिलो विषय हो । त्यसैगरी, स्वास्थ्य क्षेत्र पनि उच्च जोखिममा छ । सुरक्षित आहार र पोषणको अवस्था कमजोर छ । कृषि क्षेत्रमा व्यवसायीकरण हुन सकेको छैन । भूमिहीनको स ्या बढ्दो छ। सिँचाइ सुविधा छैन । न्यून उत्पादकत्व, भूमिको खण्डीकरण, कृषि उत्पादनको बजारीकरणमा विचौलिया हाबी हुनुजस्ता समस्या छन् । त्यसैगरी औद्योगीकरण घट्दो छ। उद्यमशिलता विकासमा पनि नेपालको अवस्था राम्रो छैन । पूर्वाधारमा समस्या, दक्ष कामदार हुन नसक्नु, निर्यात बजार पहिचानमा समस्या, कमजोर संस्थागत क्षमता, विश्व आपूर्ति मूल्य शृंखला (वर्ल्ड भ्यालु चेन) मा न्यून आबद्धता, चर्को उत्पादन र ढुवानी लागतलगायत समस्या छन् । मानव विकास, प्रतिव्यक्ति आयलगायतका सूचकाङ्कमा मधेस, कर्णाली र सुदूरपश्चिम प्रदेश निकै पछाडि छन्। कोभिड-१९ महामारीका कारण सिर्जित जोखिम पनि उत्तिकै छन् । जलवायु परिवर्तनका असर र वातावरणीय जोखिम न्यूनीकरणमा उल्लेख्य प्रगति गर्न सकेको छैन। ग्लोबल क्लाइमेट रिस्क इन्डेक्स २०२१ अनुसार नेपाल विश्वका अति प्रभावित दश देशको सूचीमा पर्छ। अतिकम विकसित मुलुकबाट स्तरोन्नतिका लागि मुख्यगरी तीन वटा सूचक पूरा गर्नुपर्ने हुन्छ । नेपालले मानव पुँजी सूचकाङ्क र आर्थिक तथा वातावरणीय जोखिम सूचकाङ्क (इभिआइ) मा संयुक्त राष्ट्रसङ्घको थ्रेसहोल्ड पास गरिसकेको छ। मानव पुँजी सूचकाङ्कका लागि ६६ भन्दा बढी अङ्क रहनुपर्नेमा नेपालको ७१ दशमलव २ अङ्क छ। त्यस्तै आर्थिक तथा वातावरणीय जोखिम ३२ अङ्कभन्दा कम हुनुपर्नेमा नेपालको २८ दशमलव ४ अङ्क छ। प्रतिव्यक्ति आय एक हजार दुई सय २२ अमेरिकी डलर हुनुपर्नेमा नेपालको एक हजार तीन सय ८१ अमेरिकी डलर छ ।रासस

# कर्मचारीको उमेर हद ६० वर्ष: मोदी

मधेशदृष्टि
जनकपुरधाम, ४ चैत ।



संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री अमनलाल मोदीले छिट्टै संघीय निजामती सेवा ऐन संसदमा प्रस्तुत गरिने बताएका छन् ।

नेपाल राष्ट्रिय कर्मचारी संगठन निजामती मधेश प्रदेशको दोस्रो प्रदेश अधिवेशनको समुदघाटन गर्दै मन्त्री मोदीले प्रधानमन्त्री पुष्पकमल दाहालको पनि प्राथमिकतामा रहेको बताए ।

उनले भने ऐनको ड्राफट तयार तयार गर्न आफुले पुर्वप्रधानमन्त्री, मुख्य सचिव, सचिव सहितका प्रशासक र पुर्व प्रशासकहरु पुर्वमन्त्रीहरु, विभिन्न ट्रेड युनियन र सरोकारवाला मात्र नभई संवैधानिक निकायका प्रमुखहरुका साथै पालिकाका प्रमुख प्रशासकिय अधिकृतहरु संग समेत छलफल गरेको बताएका छन् । संघीयता कार्यान्वयन र सुशासनका लागि संघिय निजामती सेवा ऐन अपरिहार्य रहेकाले सरकारले प्राथमकिताका साथ संसदमा ल्याउन सक्रिय रहेको मन्त्री मोदीको तर्क छ । उनले ऐनमा रहेका धेरै कुराहरु अहिले नै भन्न नमिल्ने भन्दै अहिले नै भनियो भने कर्मचारी साथीहरु हलै छाडेर जाने सम्भावनाको संकेत समेत गरेका छन् ।

उनले ऐनमा निजामती कर्मचारीको उमेर हद ६० वर्ष तोकिएको समेत बताए । सो संगठन निजामतीको मधेश प्रदेश समितिको नयाँ नेतृत्व समेत अधिवेशनले चयन हुने बताइएको छ । कार्यक्रममा मधेश प्रदेशकी उद्योग पर्यटन बन तथा बातावरण मन्त्री सुनिता यादव, संगठनका केन्द्रिय र प्रदेशका नेतृत्वहरुको उपस्थिती रहेको थियो ।

# पाँच वर्ष बित्दासमेत वैवाहिक गन्तव्यको पुष्पवाटिका अधुरै

मधेशदृष्टि
जनकपुरधाम, ४ चैत । वैवाहिक गणतत्वयको रुपमा रहेका जनकपुरधाम मणि मण्डप स्थित निर्माणाधीन वैवाहिक पुष्प वाटिका भवन पांच वर्ष बित्न लाग्दा पनि निर्माण हुन सकेको छैन ।

जनकपुरधाम उपमहानगरपालिका वडा नं. १३ रानी बजारस्थित सघन सहरी कार्यक्रम अन्तर्गत मणि मण्डपलाई वैवाहिक गन्तव्यका रूपमा विकास गर्न ल्याइएको योजना निर्माण कम्पनीको ढिलासुस्तीका कारण समयमा काम सम्पन्न हुन सकेको छैन । संघीय सरकारले करौडौं रुपैयाको लगानीमा थालेको बहुप्रतिष्ठित सीता पुष्पवाटिका मणि मण्डपमा पूर्वाधार एवं अन्य निर्माण कार्ययोजना तीन वर्षमा सम्पन्न गर्ने सम्झौता भए पनि पाँच वर्ष बित्न लाग्दा पनि काम भने सम्पन्न हुन सकेको छैन ।

उक्त योजना अन्तर्गत मणि मण्डप परिसरभित्र दुईतले जनक दरबार, एउटा धर्मशाला, एउटा प्यालेस, स्वयंवर मण्डप, मन्दिर, पसल लगायत भौतिक संरचनाहरु रहेका छन् । २०७५ साल मङ्सिर २४ गते काठमाडौंको रबिना कन्स्ट्रक्सन कम्पनी लिमिटेडले भ्याटबाहेक १८ करोड १५ लाख २२ हजार ७९३ रुपियाँको लागतमा २०७८ साल जेठ २३ गते काम सम्पन्न गर्ने सम्झौता गरेको थियो । तर समायावधि सकिएको २० महिना बित्दा पनि काम भने सम्पन्न हुन सकेको छैन । मणि मण्डप परिसरको



चार बिघा १६ धुर क्षेत्रफलमा निर्माण भइरहेको सो संरचनाको काम करिब ७० प्रतिशत सम्पन्न भएको छ भने बाँकी ३० प्रतिशत काम भने चालु आर्थिक वर्षको मसान्तमा सम्पन्न गर्ने भनेर म्याद थपको लागि निर्माण कम्पनीले निवेदन पेस गरेको हुँदा म्याद थपका लागि प्रक्रिया अघि बढाइएको संघीय आयोजना कार्यान्वयन एकाइ धनुषाका प्रमुख प्रदीप खनालले बताएका छन् ।

म्यादभित्र काम सम्पन्न नगर्दा यसअघि पनि पटकपटक म्याद थपिँदै आएको सो कार्यालयले जनाएको छ भने प्रमुख खनालका अनुसार अहिलेसम्म प्लास्टर, खानेपानी, बिजुली बत्तीको कार्य सम्पन्न भई बुट्टा भर्ने कार्य चलिरहेको इन्जिनियर मनोजकुमार मण्डलले फिनिसिङ र ल्याण्डस्क्यापिङ् (भूनिर्माण) कार्य बाँकी रहेको छ ।

आयोजनाका इन्जिनियर मनोजकुमार मण्डलका अनुसार निर्माणाधीन जनक दरबारमा कुँदिने बुट्टा मुगल शैलीको हुँदा उक्त बुट्टाका लागि नेपालमा कालिगढको अभाव भएका कारण भारतस्थित राजस्थानबाट कालिगढ बोलाएर काम गराउनुपर्ने हुँदा पनि केही ढिलो भएको हो । उनले सम्झौता भएपछि ११ महिनासम्म जग्गाको विषयमा स्थानीयसँगको विवादमा बित्यो, त्यसपछि कोभिड १९ को महामारी र पर्यावरण अभियन्ता दिलीप महतोको हत्या हुँदा क्रसरविरुद्ध आन्दोलनका कारण समयमा काम सम्पन्न हुन विभिन्न कारण उनले बताएका छन् । निर्माण कम्पनीले आफ्ना कारण देखाई म्याद थपको माग गरेको छ । त्रेता गमा राम र सीताको विवाह भएको स्थान मणिमण्डपको अवस्था अझै सुधार नहुँदा पर्यटकहरुको आवगमनमा वृद्धि हुन सकेको छैन । उक्त योजनाले मणि मण्डपलाई पर्यटकीय गन्तव्य बनाउन ठूलो मद्दत पुग्ने छ । तर योजना समयमा सम्पन्न नहुँदा निराशा छाएको मणिमण्डपका पुजारी नवल दासले भने ।

विवाहस्थल मणि मण्डपलाई विकास गर्न नसकिएकोप्रति मन्दिरका पुजारी नवल दासले भने 'बेला बखत भारतीय पर्यटकहरु आगमन हुन्छ, नत्र भने अन्य पर्यटकको आगमन यहाँ हुँदैन । कतिपयलाई यस स्थानको बारेमा जानकारी नै छैन ।

जानकी मन्दिरको छेउमा बनाइएको विवाह मण्डपको छायामा वास्तविक विवाह मणि मण्डप परेको कारण यहाँको विकासमा खासै ध्यान नदिएको पुजारीको गुनासो छ ।

लामो समयको अन्तरालमा मणि मण्डपमा निर्माण हुन थालेको जनक दरबार र धर्मशाला निर्माणमा भएको ढिलासुस्तीप्रति सम्बन्धित निकायको ध्यनाकर्षण हुन जरुरी भएको पुजारीले भने ।

# वडास्तरमा मेलमिलाप केन्द्र नहुँदा न्याय निरुपणमा समस्या



जनकपुरधाम, ४ चैत
औपचारिक न्याय प्रणालीमा रहेका कमजोरीलाई सुधार्दै नागरिकलाई सहज र सर्वसुलभ न्याय सेवा दिने नीतिअनुसार नेपालको संविधानले स्थानीयस्तरमा न्यायिक समितिको व्यवस्था गरेको छ ।

कार्यविधिगत रुपमा औपचारिक र अनौपचारिक दुवै प्रकृतिका मिश्रित न्यायिक सेवा दिन न्यायिक समिति स्थापना गर्ने प्रावधानअनुसार देशभरका सात सय ५३ वटै स्थानीय तहमा यस्ता समिति क्रियाशील छन् । संविधानको धारा १२७ (१) अनुसार सात सय ५३ वटै स्थानीय सरकार (गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका,महानगरपालिका) का उपाध्यक्ष/उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय समितिले न्याय सम्पादन गर्दै आएका छन् ।

यही व्यवस्थालाई कार्यान्वयन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले समितिको क्षेत्राधिकार, प्रयोग र प्रक्रियाबारे प्रबन्ध गरेको छ । सो ऐनको परिच्छेद ८ को दफा ४७(१) मा समितिले १३ देवानी प्रकृतिका मुद्दा र ४७ (२) मा मेलमिलापको माध्यमबाट मात्रै निरुपण गर्नुपर्ने ११ विषयका सम्बन्धमा प्रस्ट व्यवस्था गरेको छ । छिटोछरितो विवाद निरुपणका लागि ऐनको दफा ४९ (१०) मा विवादित विषयमा मेलमिलाप गराउने प्रयोजनका लागि प्रत्येक वडामा मेलमिलाप केन्द्र गठन गर्नसक्ने व्यवस्था छ । आर्थिक अभावलगायत अन्य व्यवस्थापकीय समस्या देखाएर अधिकांश स्थानीय तहले वडास्तरमा न्यायिक समिति गठन गरेका छैनन् ।

धनुषाको जनकपुरधाम उपमहानगरपालिकालेपनिहालसम्म वडास्तरमा मेलमिलाप केन्द्र गठन गर्न सकेको छैन । अघिल्लो पाँच वर्षको कार्यकाल सकिएर दोस्रो कार्यकालको पनि एक वर्ष पुग्न लाग्दा यस विषयमा कुनै पहल हुन सकेको छैन । उपमहानगरको न्यायिक समितिमा उजुरीको चाङ छ । अधिकांश विवाद मेलमिलापमै समाधान गर्नुपर्ने पूकृतिका भए पनि मेलमिलापको संरचना वडासम्म नहुँदा समस्या भएको समितिका संयोजक एवं उपमहानगरपालिकाका उपप्रमुख किशोरी साहले बताउनुभयो । उहाँले वडास्तरमा छिटोछरितो न्याय सम्पादनमा समस्या भइरहेको बताउँदै एकै ठाउँबाट विवाद निरुपण गर्नुपर्दा मुद्दाको चाप निकै बढेको जानकारी दिए ।

"वडास्तरमा समिति विस्तार गर्न नसक्दा २५ वटै वडाका विवाद एउटै ठाउँबाट हेरिरहनुपरेको छ । एउटै न्यायिक समितिमा पनि दुईजना कर्मचारीको भरमा काम गर्नुपर्ने अवस्था छ । अरू विज्ञ, अनुभवी व्यक्तिलाई बोलाउन न्यूनतम खाजा खर्चको व्यवस्था पनि छैन अनि कसरी समितिको प्रभावकारिता बढाउन सकिन्छ ?", साहले भने, "वडास्तरमा समिति बनाउँदा खर्च धान्न सकिँदैन भन्ने बुझाइ छ । अहिले जसोतसो काम भइरहेकाले समिति विस्तार हुन सकिरहेको छैन, यसले मेलमिलाप कार्यलाई थप प्रभावकारी बनाउन समस्या भइरहेको छ ।"

स्थानीय स्तरमा न्यायिक समितिले जनताको नजिकको अदालतका रुपमा काम गर्दछ । यसले इजलास, वादी प्रतिवादीको रोहवरमा कानुन व्यवसायीको बहस तथा निर्णय वा मेलमिलाप हुन्छ । तीन सदस्य रहने उक्त समितिमा रहने व्यक्ति स्थानीयस्तरका लागि न्यायाधीश मानिन्छन् । न्यायिक समिति संविधानले व्यवस्था गरेअनुरुप स्थापना हुने भएकाले यसले स्थानीयस्तरमा हुने विवादहरू अंशबन्डा, साँधसिमाना मिचिएका कुरा, घरेलु हिंसा, झैझगडा, सामाजिक विवाददेखि लोग्ने-स्वास्नी झगडालगायतका मुद्दा हेर्ने गर्दछ ।

समितिमा रहने व्यक्तिलाई न्याय सम्पादनसम्बन्धी तालिम तथा कानुनी अभ्यासलगायत विषयमा पर्याप्त तालिम नभएको संयोजक साहको भनाइ छ । "जनप्रतिनिधि कानुनी क्षेत्रको हुनुपर्छ भन्ने कुनै व्यवस्था नभएकाले समितिको जिम्मेवारी धेरै छ । बजेट, क्षमता विकासलगायत विषयमा प्रभावकारी व्यवस्थापन नहुँदा फैसला गर्न निकै चुनौतीपूर्ण छ",उनले भने ।

संयोजक साहले स्थानीय सरकार सञ्चालन ऐनले उपप्रमुखको काम, कर्तव्य र अधिकारको एक नम्बर बुँदामा नै न्यायिक समितिको संयोजक भई काम गर्ने भने पनि सोहीअनुसार अरू अधिकार नदिएकाले जनताको नजिकको अदालत (न्यायिक समिति) लाई थप व्यवस्थित र प्रभावकारी बनाउन नसकिएको बताए । "अधिकार र जिम्मेवारी दिने तर आवश्यक बजेट र अन्य अत्यावश्यक व्यवस्थाका लागि समितिलाई निरीह बनाउने कार्यले राम्रो प्रतिफल दिँदैन । यसर्थ सरकारले नै यस विषयमा ठोस पहलकदमी लिनुपर्छ", उनले भने ।

पहिले न्यायिक समिति र मुद्दा शाखा एउटैमा राखेर काम भइरहेकामा कार्यसम्पादनमा समस्या देखिएपछि दुवैलाई अलग गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ३७ अनुसार भवन निर्माण, नापनक्सा, जग्गामाथिको हकसम्बन्धी विवादजस्ता कुरा नगरप्रमुखले हेर्ने व्यवस्था गरिएको छ । जनकपुरधाम उपमहानगर प्रमुख मनोजकुमार साहले न्यायिक समितिलाई थप प्रभावकारी बनाउन आफूले सक्दो सहयोग गर्ने बताउनुभयो । न्यायिक समिति आफ्नो नेतृत्वमा नभए पनि त्यसको प्रभावकारिता पालिकासँग जोडिएकाले प्रभावकारी व्यवस्थापन र सुधारका लागि प्रतिबद्ध रहेको उनको भनाइ छ ।

"न्यायिक समितिले विवादको समाधान मेलमिलापबाट गर्ने हो, त्यसका लागि वडास्तरमा समिति बनाएर समस्या समाधान गर्ने कुरा राम्रो हो तर हामी आएको एक वर्ष पनि पुगेको छैन", नगरप्रमुख साहले भन्नुभयो, "अब वडास्तरमा समिति गठन गर्ने कुरामा आवश्यक छलफल गरेर अगाडि बढ्न सहयोग गर्नु मेरो पनि दायित्व हो । आवश्यक बन्दोबस्तका लागि आगामी आर्थिक वर्षको नीति, कार्यक्रम र बजेट बनाउँदा छलफल हुनेछ ।" उनले न्यायिक समितिमा काम गर्ने कर्मचारीलाई प्रोत्साहनका लागि मुद्दाको किनारा लागेपछि प्रतिमुद्दा एक हजारका दरले सहयोग दिने व्यवस्था गरिएको र बाँकी विषयमा पनि छलफल गरेर आवश्यकताअनुसार बजेटको व्यवस्थापन गरिने धारणा राखे । जनकपुरधाम उपमहानगरपालिकाको न्यायिक समितिमा विसं २०७९ वैशाखयता ६२ भन्दा बढी मुद्दा परेका छन् । अघिल्लो कार्यकालमा पाँच सय दुई मुद्दा परेका थिए । विसं २०७४/७५ मा ५८ मुद्दा दर्ता भएकामा आठवटा मुद्दा अदालत पठाएर बाँकी मुद्दा प्रक्रियाअनुसार निरुपण गरिएको थियो ।

आर्थिक वर्ष २०७५/७६ मा दर्ता भएका दुई सय ७० मध्ये २१, २०७६/७७ मा दर्ता भएका ७४ मुद्दामध्ये १३, २०७७/७८ मा ४० मध्ये पाँच, २०७८/७९ मा ६० मध्ये ११ मुद्दा अदालत पठाएर बाँकी मुद्दा प्रक्रियाअनुसार निरुपण गरिएको थियो । यसरी हेर्दा गत पाँच वर्षमा दर्ता भएका पाँच सय दुई मुद्दामध्ये ५८ मुद्दा अदालतमा पठाएर बाँकी स्थानीय सरकार सञ्चालन ऐनको व्यवस्थानुसार मेलमिलाप र ठहरको माध्यमबाट निरुपण गरिएको समितिका संयोजक साहले जानकारी दिए ।

मुद्दा निरुपणका लागि अदालती प्रक्रियामा जाँदा आर्थिकभार, समय र अन्य झन्झट भोग्नुपर्ने हुँदा धेरै नागरिक न्यायको पहुँचबाट टाढा छन् । नागरिकको न्यायिक सेवामा पहुँच पुर्‍याउने उद्देश्यले संविधानले जनताको नजिकको स्थानीय सरकारमा न्यायिक समितिको व्यवस्था गरेको हो । यस समितिको कामकारबाहीलाई थप प्रभावकारी बनाउन जनप्रतिनिधिको क्षमता विकास, कानुनी चेतना प्रदान गर्नाका साथै संस्थागत विकास र व्यवस्थापनमा विशेष ध्यान दिन जरुरी देखिन्छ ।रासस

# ठोरीमा वाईसिएलको प्रशिक्षण




मधेशदृष्टि
वीरगंज , ४ चैत । नेकपा माओवादी केन्द्रको सहायक संगठन वाईसिएल नेपाल पर्सा समन्वय समितिको वीरगंज महानगरपालिका १४ एकाई कमिटिले एक दिने प्रशिक्षण कार्यक्रम सम्पन्न गरेको छ ।

जिल्लाको पर्यटकीय स्थल ठोरीमा वनभोज संगै प्रशिक्षण कार्यक्रम सम्पन्न गरेको हो । वीरगंज १४ का वडाध्यक्ष प्रत्याशी फतेआलम अन्सारीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रमुख अतिथि ठोरी गाउँपालिका इन्चार्ज हरि सुनार, विशिष्ट अतिथि ठोरी गाउँपालिका सचिव राम श्रेष्ठ, वडा नम्बर ५ का निर्वाचित वाडाध्यक्ष अष्ट बहादुर लोप्चन र वाईसिएल केन्द्रिय सदस्य सन्ध्या बस्नेतको उपस्थिति रहेको थियो ।

प्रशिक्षणमा वाईसिएलले बोकेको इतिहास, जनयुद्धका उपलब्धी, शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पुरयाउने तथा नेतृत्वमाथिको हमलालाई सहन नसक्ने गरी जन जागरण अभियान चलाउने बारे छलफल भएको बताइएको छ ।

# तमलोपासहित पाँच दलको कार्यगत एकता

मधेशदृष्टि
जनकपुरधाम, ४ चैत ।
तराई मधेश लोकतान्त्रिक पार्टीसहित पाँच राजनीतिक दलबीच कार्यगत एकता हुन लागेको छ । तराई मधेश लोकतान्त्रिक पार्टीसहित नेपाल सद्भावना पार्टी, ऐतिहासिक जनता पार्टी, नेपाल लोकतान्त्रिक पार्टी र राष्ट्रीय सद्भावना पार्टीले 'लोकतान्त्रिक मधेशी मोर्चा'को रुपमा एकजूट हुने निर्णय गरेको हो ।

शनिबार तराई मधेश लोकतान्त्रिक पार्टीको केन्द्रीय कार्यालयमा पाँचै दलका शिर्ष नेताहरूको बैठकले यस्तो निर्णय गरेको तराई मधेश लोकतान्त्रिक पार्टीका केन्द्रीय सदस्य उमेश मण्डलले जानकारी दिए ।

बैठकमा तमलोपा अध्यक्ष वृषेशचन्द्र लाल र वरिष्ठ नेता डा. विजयकुमार सिंह, नेपाल सद्भावना पार्टीका अध्यक्ष रामकुमार महतो, नेपाल लोकतान्त्रिक पार्टीका सह-अध्यक्ष सुरेशकुमार गुप्ता, ऐतिहासिक जनता पार्टीका अध्यक्ष बद्रीनारायण ठाकुर र राष्ट्रिय सद्भावना पार्टीका महासचिव रविन्द्र प्रसाद सिंहलगायत बिभा ठाकुर, सतीश लाल दास, रविशंकर लाल (सुभाष कर्ण), उमेशकुमार मण्डल, नागेन्द्र सिंह, सरोजकुमार मिश्र लगायतका नेताहरू उपस्थित थिए ।

शनिबारको बैठकमा तमलोपाका वरिष्ठ नेता डा. विजयकुमार सिंहले कार्यदलले तयार गरेको ' लोकतान्त्रिक मधेशी मोर्चा' को साझा अवधारणा-पत्र प्रस्तुत गरेका थिए । बैठकले ' लोकतान्त्रिक मधेशी मोर्चा'को साझा अवधारणा-पत्र चैत १३ गते जनकपुरधाममा सार्वजनिक गर्ने निर्णय गरेको छ । नेपाल लोकतान्त्रिक पार्टीले पार्टीभित्र छलफल गरी अन्तिम निर्णय लिन बाँकी रहेपनि साझा अवधारणामा राखिएका विषयसँग आफूहरू सहमत रहेको जनाएको छ ।

तमलोपाका केन्द्रीय सदस्य उमेशकुमार मण्डलले यी पाँच दल एकै स्थानमा आउनु मधेस मुद्दाको निमित्त सुखद खबर भएको बताएका छन् ।

## महावाणिज्यद्वारा ग्लोबल .........

सम्मेलनमा मिलेट (श्री अन्न) र क्षः द्वन्द्घ सम्बन्धी छोटो फिल्म पनि प्रदर्शन गरिएको थियो । सम्मेलनमा प्रधानमन्त्री नरेन्द्र मोदीले सम्बोधन समेत गरेका थिए ।

औपचारिक कार्यक्रमको समापन पछि तुरुन्तै, वाणिज्य दूतावास द्वारा अतिथिहरूलाई मिलेटमा आधारित खाद्य वस्तुहरू ( सानवा को खीर र कोदोको उपमा) प्रस्तुत गरिएको थियो भने मिलेटको स्वास्थ्य लाभ र पोषण मूल्य पनि प्रचार उद्देश्यका लागि प्रदर्शन गरिएको थियो ।

चेतना जगाउने र कोदोको उत्पादन र उपभोग बढाउने उद्देश्यका साथ, संयुक्त राष्ट्र संघको महासभाले भारत सरकारको आग्रहमा मार्च २०२१मा आफ्नो ७५ औं अधिवेशनमा २०२३लाई कोदोको अन्तर र्राष्ट्रिय वर्ष घोषणा गरेको छ । भारत विश्वमा कोदोको सबैभन्दा ठूलो उत्पादक हो । भारतका मिलेटका दुई जात बाजरा र जोवारले विश्व उत्पादनमा करिब १९ प्रतिशत योगदान पुर्‍याउँछन्। भारत विश्वमा मिलेट निर्यात गर्ने शीर्ष ५ देशमा पर्छ ।

मिलेट धेरै प्रकारका छन् जस्तै प्रमुख मिलेटहरू - जज्वार, बाजरा, रागी; माइनर मिलेट - कांगनी, कोडो , सानवा, सानो बाजरा (कुटकी/शावन), प्रोसो बाजरा (बरी), ब्राउनटप बाजरा ।

मिलेट प्रोटिन, फाइबर, मुख्य भिटामिन र खनिजहरूको राम्रो स्रोत हो। तिनीहरू पनि ग्लुटेन-मुक्त छन् र कम ग्लाइसेमिक सूचकांक छ, तिनीहरूलाई अभष्बिअ रोग वा मधुमेह भएका व्यक्तिहरूको लागि आदर्श बनाउँछ । कोदोको सम्भावित स्वास्थ्य लाभहरूमा हृदय स्वास्थ्यको सुरक्षा, मधुमेहको शुरुआत रोक्न, मानिसहरूलाई स्वस्थ तौल प्राप्त गर्न र कायम राख्न मद्दत गर्ने, र पेटमा सूजन व्यवस्थापन समावेश छ। मिलेट एक अनुकूलन योग्य अन्न हो ।

## मधेशमा ७०९ जनयुद्ध............

कक्षा १ देखि ६ सम्मलाई १६ हजार तथा कक्षा ७ देखि १२ सम्मका विद्यार्थीलाई वार्षिक १८ हजार एकमुष्ट रकम छात्रवृति वापत उपलब्ध गराउने योजना अलपत्र रहेका छन् । यसका लागि प्रतिष्ठानले गएको असार १० गते नै निवेदन पेश गर्न सूचना जारी गरिसकेका छन् । शहीदको नाममा वर्षेणी बांडिदै आएको रकम बारे प्रतिपक्षी दलले आवाज उठाउंदै आएको छ । तिनीहरुले शहीदको नाममा बाँडिने रकम विकास निर्माण वा उद्योग कल कारखाना संचालनमा खर्च गरिए उपलब्धी हुन सक्ने भनेर विरोध जनाउंदै आएका छन् । लालबाबु राउत नेतृत्वको सरकारमा गत दुई वर्षअघि माओवादी केन्द्र सहभागी भएपछि मधेश शहीद प्रतिष्ठान ऐनमा संशोधन गरी जनयुद्ध थपेर गत वर्षदेखि जनयुद्धका शहीदलाई नगद एक लाख रुपैयाको दरले रकम वितरण गर्ने प्रक्रिया थालिएको हो । मधेशी शहीद जस्तै जनयुद्ध शहीद परिवारलाई पनि तीन लाख रुपैया राहत उपलब्ध गराउने प्रदेश सरकारको निर्णय रहेको छ । पहिलो चरणमा एक लाखको दरले र दोश्रो चरणमा बांकी दुई लाख रुपैया उपलब्ध गराउने निवर्तमान गृहमन्त्री भरत साहको जोडबलमा मन्त्रिपरिषदबाट निर्णय गरिएको थियो । जनयुद्ध मात्रै होइन मधेशी शहीदको नाममा समेत प्रतिष्ठानले मधेशी शहीद परिवारलाई तीन वर्षदेखि रकम वितरण गर्दै आएका छन् । चालु आर्थिक वर्षमा देशमा आर्थिक संकट भयो भनेर संघीय सरकारले योजनाहरु सहित अनावश्यक खर्चमा कटौती गर्न निर्देशन दिएपनि मन्त्रालयले प्रतिष्ठान मार्फत ५ करोड ४२ लाख रुपैया पछिल्लो पटक जनयुद्ध सहीदलाई वितरण गरेका थिए । हुनत सम्बन्धित निकायले पुर्व निर्धारित कार्यक्रम रहेकाले आर्थिक संकटका बीच वितरण गरिएको प्रतिक्रिया दिएका थिए ।

जनयुद्धका सहिदहरूले राष्ट्रिय सहिदको मान्यता पाउनुपर्ने माग बारम्बार उठ्दै आएको भएपछि उनीहरूले राष्ट्रिय सहिदको मान्यता पाउन सकेका थिएनन् । यससँगै जनयुद्धकालमा राज्य र विद्रोही पक्षबाट ज्यान गुमाएका नागरिकहरूले राष्ट्रिय सहिदको मान्यता पाएका छन् । राष्ट्रिय सहिदका परिवारहरूले यसअघि सहिद घोषणा भई राज्यबाट परिपूरण र सम्मानस्वरूप प्राप्त गरेको सुविधाअनुरूप नै क्षतिपूर्ति, परिपूरण र सम्मान पाउनेछन् ।

# प्रजातन्त्रको रक्षामा शिक्षकहरुको भूमिका महत्वपूर्णः सांसद रिजाल

मधेशदृष्टि
वीरगंज, ४ चैत ।

नेपाली कांग्रेसका केन्द्रिय सदस्य एवं सांसद रमेश रिजालले प्रजातन्त्र र लोकतन्त्रको रक्षाका लागि शिक्षकहरुले विगतमा खेलेको भूमिका महत्वपूर्ण रहेको कुरामा जोड दिएका छन् ।

नेपाल शिक्षक संघ पर्साको ९ औँ जिल्ला अधिवेशनको शनिवार वरिगञ्जमा उद्घाटन गर्दै केन्द्रिय सदस्य रिजालले गुणस्तरीय शिक्षासँगै ग्रामिण क्षेत्रको विकास र समृद्धिमा समेत शिक्षकहरुलाई क्रियाशिल हुन आग्रह गरे । उनले पर्सा जिल्लामा नेपाल शिक्षक संघको शक्ति आजको उपस्थितिले प्रमाणित भएको बताउदै शिक्षकको पेशालाई थप मर्यादित र सम्मानपूर्ण बताउन आवश्यक रहेको कुरामा जोड दिए । नेता रिजालले पर्साको ग्रामिण क्षेत्रको शैक्षिक अवस्था खस्कदै गएकोमा चिन्ता व्यक्त गर्दै यस तर्फ गम्भिर हुन शिक्षक संघलाई आग्रह गरे । कार्यक्रममा नेपाली कांग्रस पर्साका सभापति एवं पर्सा क्षेत्र नम्बर ३ को ख बाट निर्वाचित प्रदेश सभा सदस्य जनार्द्धन सिंह क्षेत्रीले नेपाली कांग्रेस निकट रहेर शिक्षक सँघले प्रजातन्त्र, लोकतन्त्र र गणतन्त्रका लागि पुर् याएको योगदान महत्वपूर्ण रहेको बताए । उनले जिल्ला अधिवेशन पछि आयने शिक्षक संघको नयाँ नेतृत्वले संघलाई थप मजबुद र संगठित बनाएर अगाडी बढने विश्वास व्यक्त गरे ।



नेपाली शिक्षक संघ पर्साका अध्यक्ष प्रदिप जयसवालको सभापतित्वमा सम्पन्न संघको नवौ अधिवेशनको उद्घाटन कार्यक्रममा नेपाल शिक्षक महासंघका पर्सा अध्यक्ष तिर्थ राज यादव, नेपाली कांग्रेसका क्षेत्रिय सभापति रामनारायण कुर्मी, महम्मद सहाबुद्दिन, वीरगंज महानगरपालिका उपप्रमुख इम्तियाज आलम, पोखरीया नगरपालिकाका पूर्व नगर प्रमुख दिपनारायण रौनियार, वीरगंज महानगरपालिका शैक्षिक महाशाखा प्रमुख अरविन्दलाल कर्ण लगायतका वक्ताहरुले मन्तव्य व्यक्त गरेका थिए ।

सो अवसरमा पर्साको शैक्षिक क्षेत्रको विकासका लागि महत्वपूर्ण योगदान दिएको भन्दै रेडियो वीरगंजका समाचार प्रमुख ध्रुव अधिकारी, नेपाल प्रेस युनियन पर्साका अध्यक्ष एवं रेडियो वीरगंजका सम्पादक रामनारायण कुर्मीलाई नेपाली कांग्रेसका केन्द्रिय सदस्य रमेश रिजाल, जिल्ला सभापति जनार्द्धन सिंहक्षेत्री, लगायतले फुलमाला, टिका सहित दोसल्ला ओढाएर सम्मान गरेका थिए । सिद्धार्थ माविको सभा हलमा आयोजित नवौं जिल्ला अधिवेशनले नयाँ नेतृत्व चयन गर्ने नेपाल शिक्षक महासंघका पर्सा जिल्ला अध्यक्ष एवं जिल्ला अधिवेशन आयोजक समितिका आयोजक तिर्थ राज यादवले जानकारी दिए ।

# रायको प्रयासमा सिरहाकी १५ वर्षीया किशोरीको भारतबाट उद्धार

मधेशदृष्टि
जनकपुरधाम,४ चैत ।

समाजीक कार्यमा महत्वपुर्ण योगदान दिदै आएका समाजीक अभियन्ता सरोज रायले पुनः एक बालिकालाई भारतबाट घर फिर्ता ल्याउन सफल भएका छन् ।

सिरहाको गोलवजार नगरपालिका धर्मपुर निवासी १५ वर्षिय प्रियंका(नाम परिवर्तन गरिएको)लाई भारतको मधुवनी स्थित बालकल्याण समितिको मद्दतबाट रायले बालिकालाई घर फिर्ता ल्याउन सफल भएको छ ।

बालिकालाई भारतको हैदरबाद स्थित तेलंगनाको बाल कल्याण समितिले आफनो रेखदेखमा राख्दै आएको थियो । पछि बालिकालाई नेपाल फिर्ती गराउनका लागि समाजीक अभियन्ता सरोज रायलाई सम्पर्क गरेका थिए ।अभियन्ता रायका अनुसार एक साता पुर्व तेलंगनाका बाल संरक्षण अधिकारी विजय भाष्करले आफुसंग सम्पर्क गरेर बालिकालाई उद्धारका लागि पहल गर्न अनुरोध गरेका थिए । बालिकाको विषयमा घर परिवारलाई पत्ता लगाएर आवश्यक कागजात तयार गरि तेलंगनाको समितिमा आफुले पठाउदा उत्ताबाट तेलंगनामा बालिकाको पितालाई समेत ल्याएर उद्धार गर्न भनियो तर बालिकाको पिताको आर्थिक अवस्था कमजोर रहेकोले तेलंगनाबाट नेपालको सीमावर्ती क्षेत्र मधुवनी स्थित समितिमा पठाईदिन आग्रह गरेपछि चैत २ गते तेलंगनाबाट स्पेशल जुवेनाईल पुलीस युनिटले बालिकालाई लिएर मधुवनी बालकल्याण समितिमा सुपुर्दगी गरेका थिए । मधुवनीमा बालिकालाई हस्तान्तरण गरिएको भनेर खवर



प्राप्त गरेपछि अभियन्ता रायले बालिकाका पिता लाई लिएर बाल कल्याण समिति मधुवनीमा पुगेका थिए । आवश्यक सबै कागजात पुरा गरेपछि समितिले बालिकालाई अभियन्ता रायलाई सुपुर्दगी गरेपछि उद्धार गर्न सफल भएका थिए । यता चैत २ गते जनकपुरधाम ल्याइएका बालिका प्रियंकालाई सोहि दिन उनको निजी निवास धर्मपुर पुरयाइएको थियो । तर बालिकाले पिता संग बस्न नमानेपछि पुनः जनकपुरधाम फर्काएर उनकी आमा भएको ठाउमा पुरयाउने पहल सुरु गरिएको छ ।

घरमा आर्थिक अवस्था कमजोर रहेको पिता विश्वकर्मालाई आठ वर्ष पहिले घर छाडेर आमाले काठमाण्डुमा अर्को विवाह गरि घरजम गरेकी छन् । यता सात बच्चाको एक्लो भार थामिरहेका पिताको अवस्था देखेर ६ बहिनी र एक भाईमा सवैभन्दा जेठी रहेकी प्रियंका गत असार ५ गते घरमा पिता वैवाहिक कार्यक्रममा अन्तै गएको अवस्थामा घरबाट निस्की भारतको दरभंगा हुदै बाटोमै चिनजान भएको नेपालकै एक व्यक्तिसंग हैदराबाद पुगीन् । हैदराबादमा प्रहरीलाई शंका लागेपछि बालिकासंग सोधपुछ गर्दा नेपालबाट भागेको थाहा पाई उनलाई सोहि ठाउ स्थित बाल कल्याण समितिमा बुझाइएको थियो । अभियन्ता सरोज रायका अनुसार बालिकालाई फर्काएर उनको घर लग्दा ६ जना भाई बहिनी र पिताले आफुहरुसंगै बस्नका लागि भन्दा पनि बस्न नमानेपछि जनकपुरधाम ल्याएर उसकी आमालाई खवर गरि आइतवार काठमाण्डौ पठाईने छ । रायले भने ,बालिका फर्काउने प्रक्रियामा बालिकाको पिताको आर्थिक स्थिति देखेर सम्पुर्ण खर्च आफुले ब्योर्होनु परेको छ,तैपनी एक बालिकालाई आफनो घर फिर्ती गराउन पाउदा आफु धेरै खुसी छु । बालीकाले भारतको तेलंगनामानै दस महिनाको बसाईको क्रममा व्युटिसिएन तालिम प्राप्त गरेकोले उनलाई आउने दिनमा जीवन निर्वाह गर्न ठीक रहने बताए ।

रायले आउने बेलामा हैदराबादको प्रमुख जिल्ला अधिकारीले दसहजार भारतीय रुपैया उपहार सहित दिएर बालिकालाई पठाएको बताएका छन् । बालीका फिर्ती कार्यमा तेलंगनाका बाल संरक्षण अधिकारी विजय भाष्कर,बाल कल्याण समिति मधुबनीको अध्यक्ष विन्दु भुषण ठाकुर,सदस्य रामभुसन पाण्डे,मंटु कुमारले सहयोग गरेको थियो ।

# वीरगंज महानगरद्वारा २२० कुकुरको बन्ध्याकरण

मधेशदृष्टि
वीरगंज, ४ चैत ।

वीरगंज महानगरपालिकाले सामुदायिक कुकुर बन्ध्याकरण तथा रेबिज रोग विरुद्ध खोप कार्यक्रम अन्तरगत हाल सम्म २ सय २० कुकुरको बन्ध्याकरण गरेको छ ।

सामुदायिक कुकुर नियन्त्रण गर्ने अभियान अन्तरगत बन्ध्याकरण तथा रेबिज रोग विरुद्ध खोप कार्यक्रम अन्तरगत गत फागुन ३० गतेबाट शुरु भएको अभियानमा २ सय २० कुकुरको बन्ध्याकरण गरिएको हो । बीरगन्जमा छाडा कुकुर हरुको संख्या वृद्धि भएसँगै नगर क्षेत्रमा कुकुरले आतंक मचाउन थालेपछि महानगरपालिकाले नियन्त्रण अभियान अन्तरगत कुकुरको बन्ध्याकरण सुरु गरिएको बीरगन्ज महानगर पालिकाका



नगर प्रमुख राजेश मान सिंहले जानकारी दिएका छन् । छाडा कुकुरहरू लाई दैनिक संकलन गरि नेशनल ट्रेडिङमा बन्ध्याकरण गरिने गरिएको द जेन गुडअल ईन्स्टिच्युट नेपाल का प्रशासकीय अधिकृत रमेश सापकोटाले जानकारी दिएका छन् । बन्ध्याकरण गरिएको कुकुरहरुलाई रेविज विरुद्धको खोप पनि लगाइएको र उनिहरुलाई बन्ध्याकरण गर्दा गरिने शल्यक्रियाको घाउ निको नभईन्जेल सम्म पशु चिकित्सकको निगरानीमा राखिएको समेत सापकोटाले बताए । बन्ध्याकरण गरिएका कुकुरहरुलाई अहिले नेशनल ट्रेनिङ्गको गोदाममा आवश्यक आहार दिएर राखिएको र घाउ निको भएपछि छाडिने जनाईएको छ । वीरगंज महानगरपालिकाले पहिलो चरणमा १ हजार कुकुर को बन्ध्याकरण गरिने जनाएको छ ।

# यो वर्ष आँप उत्पादन बढ्ने अनुमान

मधेशदृष्टि
वीरगंज, ४ चैत ।

बारा, पर्सा, रौतहट सहित मधेशका जिल्लाहरुमा यस बर्ष आपको बोटमा अधिकतम फूल फुलेको हुदा आँपका उत्पादन बढने अनुमान किसानहरुले गरेका छून । फलफूलको राजा मानिने आँपको बोटमा यस वर्ष पात नै नदेखिने गरी मन्जरी ढकमक्क भएको छ ।

फलफूलको बगैंचा तथा घरको बारीमा लगाइएका आँप तथा लिचीका बोटहरूमा यस वर्ष किसानहरूले सोच्दै नसोच्नेगरी फूल लागेका कारण आँपको उत्पादनमा वृद्धि हुने ठोरीका किसान जीवन सापकोटाले बताउनु भयो ।

ठोरी गाउँपालिका वडा नम्बर ४ फारलाईनका आपको व्यवसायीक उत्पादन शुरु गर्नु भएका धन बहादुर श्रेष्ठले आपको बोटमा फूल हेर्दा आफै दंग परेको बताउदै आपको बोटमा फूल फुले अनुशार मौसमले साथ दियो भने विगतका बर्षहरुमा भन्दा यसपाली दोबर उत्पादन हुने दावी गरे ।

ठोरी गाउँपालिकामा लगभग ८० बिगाहा क्षेत्रमा व्यवसायिक



रुपमा आप रोपिएको छ । जसमा वडा नम्वर-४ मा मात्र २५ देखि ३० विगामा आप खेती गरिएको श्रेष्ठले बताए ।

आप खेतीमा एक पटक लगानी गरे पछि धेरै झन्झट् नहुने र राम्रै आम्दानी हुने भएकोले पछिल्लो समय किसानहरु आप खेती तर्फ आकर्षण भएका छन् । सरकारले आप खेती गर्ने किसानलाई बिऊ बिजन, अनुदान, तालिम तथा भ्रमण जस्ता कार्यक्रम गरेर किसानहरुलाई हौसला दिन सके आप खेतीवाट किसानहरुले राम्रै फाईदा पाउने कृषक सापकोटाले बताए ।

# जन्मदिन पारेर लामाले राखे सिकारीबास पुलमा ३६ वटा झन्डा

मधेशदृष्टि,
वीरगंज, ४ चैत ।

जन्म दिनमा फजुल खर्च गर्नु भन्दा समाज परिवर्तनका लागि समेत केही गर्न सकिन्छ भन्ने उदाहरण पर्सा ठोरी गाउँपालिका ३ ब्रम्हनगरका युवा राकेश लामाले देखाएका छन् । ठोरी घर भइ हाल जापान बस्दै आएका नेपाल- जापान एनआरएनका युवा संयोजक राकेश लामाले आफ्नो जन्मदिनको अवसरमा ठोरीको सिकारीबास पुलमा ३६ वटा नेपालको राष्ट्रिय झण्डा राख्न लगाएका छन । त्यसैगरी लामाले राष्ट्रिय झण्डाका साथै ठोरीका विद्यालयहरुलाई शनिवारनै २५ थान पंखा हस्तान्तरण गरेका छन् भने ठोरीको हुलाकी सडकमा पर्ने जंगलमा राख्नको लागि २५ वटा रोड लाइट समेत उनले उपलब्ध गराएका छन । त्यसैगरी ठोरीमा अत्याधिक सवारी दुर्घटना भइरहेको सिकारीबास पुल नजिकै “अति दुर्घटना ग्रस्त क्षेत्र” लेखिएको सन्देशमूलक बोर्ड समेत उनले राखेका छून् । सिकारीबास पुलमा आज आयोजित कार्यक्रमा लामाका बुबा राजेश लामाले ठोरी गाउँपालिकाका अध्यक्ष लाल बहादुर



श्रेष्ठलाई झण्डा सहित रोडलाईट, पंखा लगायतका सामग्री हस्तान्तरण गर्नु भएको छ । हस्तान्तरण कार्यक्रमलाई सम्बोधन गर्दै ठोरी गाउँपालिका अध्यक्ष लालबहादुर श्रेष्ठले राकेश लामाबाट युवाहरूले धेरै कुरा सिक्नुपर्ने बताए ।

जन्मदिनमा सामान्यतया युवाहरुले फजुल खर्च गर्ने प्रवृति बढदै गएको बेला लामाले जन्म दिन समाज सेवा गरेर समेत मनाउन सकिन्छ भन्ने संदेश दिएका छन् । विदेशमा रहेर पनि आफ्नो जन्मभुमि प्रति राकेशले देखाएको माया र सहयोगलाई गाउँपालिकाले संधै सम्मान गर्दै अघि बढ्ने अध्यक्ष श्रेष्ठले बताए ।




मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.-२, कदमचौक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, प्रधान सम्पादक : विश्वमणि पोखरेल